मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




वर्ष १ | अंक १४३ | २०७९ साल चैत २१ गते मंगलबार | Tuesday 4, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# बारा-२ मा ३६ उम्मेदवारी



मधेशदृष्टि
वीरगंज, २० चैत।

वैशाख १० गते हुने उपनिर्वाचनका लागि बारा निर्वाचन क्षेत्र नम्बर २ मा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवसहित ३६ नेताले उम्मेदवारी दर्ता गराएका छन्।

साँझ ५ बजेसम्ममा ३६ जनाले उम्मेदवारी दर्ता गराएको बारा-२ को उपनिर्वाचनका लागि तोकिएका मुख्य निर्वाचन अधिकृत मुकेश उपाध्यायले जानकारी दिए। जसपा अध्यक्ष उपेन्द्र यादवले सोमबार कलैयास्थित जिल्ला समन्वय समितिको कार्यालयमा स्थापना गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा कार्यकर्तासहित पुगेर मनोनयन दर्ता गराए।

उनले भने, 'बाराको जनताले बोलाए, उनीहरुको सम्मानमा चुनाव लड्न आएको छु।'

त्यसैगरी, जनमत पार्टीबाट शिवचन्द्र कुशवाहाले उम्मेदवारी दर्ता गराएका छन्। दलबलसहित पुगेका कुशवाहाले उम्मेदवारी दर्ता गराउँदा कार्यकर्ताले जित सुनिश्चित भएको दाबी गरेका थिए। यता, राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेलले उम्मेदवारी दर्ता गराएका छन्। घण्टी बजाउँदै निर्वाचन कार्यालय पुगेका पार्टीका कार्यकर्ताको उल्लेख्य उपस्थिति थियो। नेकपा एमालेबाट पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेलले उम्मेदवारी दर्ता गराए। उनले भने, 'यसपटक चुनाव जित्छु।' यो २०४८ मा एमालेले जितेको क्षेत्र भएको र २०५६ मा पार्टी फुट्दा पनि एमालेले जितेको बताउँदै पौडेलले फेरि जित्ने संकेत आएको दाबी गरे। पौडेलले बारा-२ मा गठबन्धनले काम नगर्ने बताउँदै गठबन्धन नेताहरुबीच भएको र जनताले एमाले रोज्ने बताए। आम जनता पार्टीका तर्फबाट अरुण कुमार ज्ञवालीले उम्मेदवारी दर्ता गराएका छन्। निर्वाचन आयोगले तोकेको कार्यतालिकाअनुसार नै ज्ञवाली दलबलसहित उम्मेदवारी दर्ता गराउन पुगेका थिए। मंसिरमा भएको निर्वाचनमा ज्ञवालीले चौथो स्थान ओगटेका थिए। यस्तै, नागरिक उन्मुक्ति पार्टीबाट कमरुल्लाह अन्सारीको उम्मेदवारी मनोनयन भएको छ। हाम्रो नेपाली पार्टीका चन्द्रप्रकाश सुवेदी, राप्रपाका सोनालाल प्रसादसाह तेली र नेपाल मजदुर किसान पार्टीका जिल्ला अध्यक्ष मुक्ति प्रसाद यादवले पनि उम्मेदवारी

*- बाँकी पृष्ठ ६ मा*

## हारेकाहरु पार्टी र भूगोल फेरेर उम्मेदवार

वैशाख १० मा हुने बारा क्षेत्र नम्बर २ को उपनिर्वाचनमा चुनाव हारेका नेताहरूबीच रोचक प्रतिस्पर्धा हुने भएको छ। जसपाका रामसहायप्रसाद यादव उपराष्ट्रपति बनेपछि रिक्त भएको क्षेत्रमा हुन लागेको उपनिर्वाचनमा मंसिर ४ गते पराजित तीन नेता प्रतिस्पर्धामा उत्रिएका छन्।

जसपाका उपेन्द्र यादव, जनमतका शिवचन्द्र कुशवाहा र राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेल तीनैजना मंसिर ४ गते भएको निर्वाचनमा पराजित उम्मेदवारहरु हुन्। जसपा अध्यक्ष उपेन्द्र यादव सप्तरी-२ मा जनमत पार्टीका अध्यक्ष सिके राउतसँग पराजित भएका हुन्। राउतले ३५ हजार ४२ मत ल्याएर विजयी हुँदा यादवले १८ हजार ६३ मत प्राप्त गरेका थिए।

त्यसैगरी बारा- २ बाट कुशावाहा निकटतम् उपराष्ट्रपति जसपाका रामसहाय यादवसँग पराजित अनुहार हुन्। रामसहायले १३ हजार ८ सय २२ मत ल्याउँदा कुशवाहा १३ हजार ४ सय ६८ मतमा रोकिएका थिए। यसपटक माओवादी केन्द्रले जसपाका अध्यक्ष उपेन्द्र यादवलाई समर्थन गर्ने भएपछि चुनाव लडन कुशवाहा जनमत पार्टी प्रवेश गरेका हुन्।

त्यसैगरी, पूर्वडिआइजी रमेश खरेल काठमाडौं-१ बाट कांग्रेसका प्रकाशमान सिंहसँग पराजित व्यक्ति हुन्। नेपाल सुशासन पार्टीका तत्कालीन उम्मेदवार रमेश खरेलले ३ हजार १ सय २४ मत प्राप्त पाएका थिए।

# 'मधेश बेचुवा'सँग सचेत रहौं: प्रभु साह



मधेशदृष्टि
बारा, २० चैत।

आमजनता पार्टीका अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले मधेश बेचुवासँग सचेत रहन बारा-२ का मतदातालाई अपिल गरेका छन्। नेता साहले भ्रष्ट एवम् मधेशविरोधी शक्तिलाई उपनिर्वाचनमा पराजित गरी पाठ सिकाउन आग्रह गरे।


देवतालमा सोमवार आयोजित कार्यकर्ता भेटघाटमा अध्यक्ष साहले बारा-२ मा हुने उपनिर्वाचनमा सदैव मधेशी जनता ठग्दै आएका मधेशविरोधीहरु चुनाव लडन खोजेको भन्दै त्यस्ता 'लुटेरा'लाई पराजित गरेर पठाउन आग्रह गरे।

जसपा अध्यक्ष उपेन्द्र यादवलाई लक्षित गर्दै उनले भने, 'सप्तरीमा नफलेको फल बारामा फल्दैन, सप्तरीका जनताले लखेटेको नेतालाई बाराका जनताले कसरी मतदान गर्छन् ?' पूर्वमन्त्री साहले भने, 'छिमेकीको खेतमा नफलेको मकै हाम्रो खेतमा फल्दैन, नून कहिल्यै पनि चिनी हुन सक्दैन।' उनले त्यस्ता भ्रष्ट तथा मधेशविरोधी नेतालाई मतदान गर्नु अधिकार खेर फाल्नुसरह हुने बताए। 'विगतमा समग्र मधेश एक स्वायत प्रदेश हुनुपर्ने बताउँदै हिँडेका उपेन्द्रले वीरगंजलाई प्रदेशको राजधानी बनाउने भनेर जनतालाइ भ्रममा राखे तर आफैँले बोलेको व्यवहारमा लागु गर्न सकेनन्,' उपेन्द्रप्रति लगातार साहको टिप्पणी थियो, 'निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, सिम्रौनगढ, गढीमाइको विकासबारे उपेन्द्रले अहिलेसम्म एक शब्द बोलेनन्।

उनले आफू मन्त्री हुँदा गढीमाई र सिम्रौनगढको विकासका लागि करोडौं रकम विनियोजन गर्दा जसपाकै नेताहरु उपभोक्तामार्फत भ्रष्टाचारमा लिप्त भएको बताए।

उनले मध्यतराई मधेसको बीच वीरगंज-कलैया-मलाही-कटहरियासहितको रोड निर्माण गराएको तथा आउने दिनमा यहाँको विकासको जिम्मा आफूले लिने बताए। कार्यक्रममा आमजनता पार्टीका कुन्दन कुशवाहा, उपेन्द्र साहलगायतका नेताले मधेशीको अधिकार, पहिचान र स्वाभिमानको नाममा सदैव मधेशी मतदातालाई ठग्दै आएका दलसँग सचेत रहन बारा-२ का मतदातालाई अनुरोध गरे।

# बचतकर्ताको १० करोड बोकेर 'यादगार'का सञ्चालक फरार




हरिशंकर शर्मा
वीरगंज, २० चैत।

वीरगंज महानगरपालिका-१७ स्थित यादगार बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक बचतकर्ताको करोडौं रकम लिई फरार भएका छन्। सहकारीका सञ्चालक वीरगंज-१५ भिस्वाका राहुल सिंह, शान्ति चौधरी बचतकर्ताको करिब १० करोड रकम लिई फरार भएका हुन्।

सहकारीमा रानीघाट, अशोकवाटिका, श्रीपुर, रामगढवा क्षेत्रका अधिकांश सर्वसाधारणले रकम बचत गर्दै आएका थिए। गरिब परिवारदेखि न्युन वर्गका बचतकर्ताले रकम बचत गर्दै आएकामा सञ्चालक फरार भएपछि बचतकर्ता मर्कामा परेका छन्। कचतकर्ताले दैनिकी खर्च कटौती गरी ५ सय देखि १ हजार रुपैयाँ गरेर ५० हजारदेखि ९ लाख रुपैयाँसम्म जम्मा गरेका थिए। जम्मा गरेको रकम निकाल्ने बेला सञ्चालक फरार भए।

एक-एक पैसा जोडेर जम्मा गरेको पैसा लिएर सञ्चालक फरार भएपछि भविष्य नै अन्धकारमा परेको बचतकर्ता महिलाले भनिन्, 'पैसा जम्मा गर्न नमानेको तर धर्मेन्द्र नामको एजेन्टले पैसाको जिम्मा आफू रहने भनेर ढाँटे।' उनीले सहकारीले ४५ हजार रुपैयाँ लिएर सञ्चालक फरार भएको बताइन्। विभिन्न व्यक्तिका घर घरमा गई भाँडा माझेर पैसा जम्मा गरेकी उनीले एजेन्ट धर्मेन्द्रकै कारण रकम गुमेको बताइन्। 'घरमा खाने अन्न छैन, बच्चाहरु भोकै छन्, कहाँबाट ल्याएर बच्चालाई खाना दिने ?' उनले प्रश्न गरिन्।

विगत दुई वर्षदेखि बचत गरेको पैसा लिएर सञ्चालक फरार भएको बतकर्ताको गुनासो छ। ४ महिना अघिदेखि सहकारी भाग्ने शंका लागेपछि बचतकर्ताले जम्मा गरेको पैसा निकाल्ने तयारी गरेका थिए। तर बैंकका सञ्चालकले पुनः चतुऱ्याइँ गरी बचतकर्तालाई फकाएर भाग्न सफल भएका हुन्। सहकारीका कोषाध्यक्ष बलिराम साहको भरमा सहकारीमा खाता खोलेर पैसा जम्मा गर्नेहरु ठगीमा परेका हुन्। केही दिन अघिदेखि नै सहकारीको गतिविधि शंकास्पद लागेपछि बचतकर्ता पैसा निकाल्न सहकारी पुग्दा बलिरामले आफू स्थानीय भएको र सहकारी कतै नजाने भनेर बचतकर्तालाई विश्वस्त गराएका थिए।

तर कोषाध्यक्ष बलिराम पनि डेढ महिनादेखि सम्पर्कविहीन छन्। बचतकर्तालाई शंका लागेपछि सहकारी कार्यालयमा पुग्दा दुई हप्तादेखि ताल्चा लागेको थाहा उनीहरुले थाहा पाए।

# विद्युतीय कारोबारमा संलग्न २३ जना पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, २० चैत।

धनुषा प्रहरीले अनलाइन ठगीको कारोवारमा संलग्न रहेको आरोपमा जनकपुरधामबाट २३ जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पिडारी चोकस्थित बर्गर हाउसको छेउमा एक घरबाट सोमबार साँझ पक्राउ गरेको हो।

एउटा फ्ल्याट भाडामा लिएर विभिन्न एपमार्फत हनिट्रैप जस्ता धन्धा गर्दै अनलाइन मार्फत ठगीको काम गरिरहेको सूचनाका आधारमा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले बताएका छन्।

पक्राउ पर्नेमा २० देखि २८ उमेर समूहका १४ पुरुष र ९ जना महिला रहेको छ। डिएसपी गौतमका अनुसार उनीहरुले अवैधरुपमा विद्युतिय कारोबारमार्फत एक देशमा बसेर अर्को देशका नागरिकलाई विभिन्न एप बनाएर नग्न तस्विरहरु आदान प्रदान गरि ठगी गर्दै आइरहेको थियो। उनीहरुले गत ३ महिनादेखि दिलाजी आइटी कम्पनी काठमाडौं ८ को नाममा

*- बाँकी पृष्ठ ६ मा*

# घट्यो इन्धनको मूल्य

मधेशदृष्टि
वीरगंज।

सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। नेपाल आयल निगमले डिजेल, मट्टितेल र हवाई इन्धनमा प्रतिलिटर १० रुपैयाँ र पेट्रोलमा प्रतिलिटर तीन रुपैयाँ घटाएको हो।

सोमबार रातिदेखि पेट्रोलको बिक्री मूल्य प्रतिलिटर एक सय ७५ रुपैयाँ, डिजल र मट्टितेलको बिक्री मूल्य प्रतिलिटर एक सय ६५ रुपैयाँ कायम भएको छ भने हवाई इन्धन प्रतिलिटर एक सय ६० रुपैयाँ तोकिएको छ।

सरकारले इन्डियन आयल कर्पोरेसन लिमिटेडलाई १४ अर्ब रुपैयाँ तिर्न बाँकी नै छ।

LIMPID ICT SOLUTION PVT. LTD.

## JOBS DESCRIPTION :

Closely work with L1 technical support to resolve customer end technical issues with designated SLA Train.
Monitoring and administrating network (Switches, Firewall, Routers, Wireless equipment) and server
Provide on the job technical training to L1 technical support. Work closely with Systems/Network troubleshooting team in order to resolve complex support issues needing multidiscipline approach.
Responsible for coordinating with field operations team (onsite team) in resolving technical issues requiring field support.
Responsible for communicating field/network/systems incidents updates received from different sources to General support and L1 Technical Support.
Responsible for resolution of technical issues of all the customers.
Demonstrates the ability to lead, communicate and champion Dish Home Principles and Standard Operating Procedures.
Provides coaching and training ton performance expectations.

**JOB SPECIFICATION**
Completed Bachelor's degree in IT faculty (BE, BSC.CSIT, BIT) or running last semester.
Non-technical (B.B.S) background with 2 years of experience in related field.
Intermediate (HSEB) with 5 years of experience in related sector.
Working knowledge on Customer Support Department.
Familiar with the ISP industry.
Excellent interpersonal and communication skills.
Proficient in Microsoft Office.

jobs title : L2 support engineer
experience : 4-5 years (in related field)
No. of Positions : 2-3
Department : Technical support , customer services & operations
Role : Technical support
Employment Type : full time, permanent
Education : Bachelor in related field

**Duty staion : LIMPID ICT SOLUTION PVT. LTD. JANAKPUR**

**Applying Instruction:**
Interested candidates meeting mentioned criteria are requested to send their resume at limpid.ict.solution@gmail.com or dipeshsah@limpid.net.np
contact no : +9779801671593

# तनहुँ–१ मा ९ उम्मेदवार

मधेशदृष्टि
जनकपुरधाम, २० चैत ।
वैशाख १० गते हुने उपनिर्वाचनको लागि तनहुँ क्षेत्र नम्बर १ मा ९ जनाले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन आयोगले सोमबार अपराह्न ५ बजेसम्मको लागि उम्मेदवारी दिन तोकेको समयमा ९ जनाले उम्मेदवारी दिएका हुन् ।

नेपाली कांग्रेसका गोविन्द भट्टराई, नेकपा एमालेका सर्वेन्द्र खनाल, राप्रपाका शोभा गुरूङ, नेपाल मजदुर किसान पार्टीका रामप्रसाद प्रजापति, राष्ट्रिय जनमुक्ति पार्टी पूर्णबहादुर राना र मंगोल नेशनल अर्गनाइजेसनका प्रेमबहादुर थापाले उम्मेदवारी दर्ता गराएका छन् ।

राप्रपाकी गुरूङ यस क्षेत्रमा एक मात्र महिला उम्मेदवार हुन् । नागरिक उन्मुक्ति पार्टीका भिमबहादुर सुनार, नेपाल कम्युनिष्ट पार्टी समाजवादीका गणेश श्रेष्ठ र राष्ट्रिय स्वतन्त्र पार्टीका स्वर्णिम वाग्लेले उम्मेदवारी दिएका हुन् । नेकपा एमालेबाट पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले दलबलसहित आफनो मनोनयन दर्ता गराए । उनको प्रस्तावकमा भगवती न्यौपाने र समर्थकमा एकबहादुर राना छन् । कांग्रेसका केन्द्रीय सदस्य भट्टराईले शुभ साइत हेरेर आफनो मनोनय दर्ता गराए । उनले दिउँसो ३:१४ मा उम्मेदवारी दर्ता गराए ।

उनको उम्मेदवारी दर्ताका लागि कांग्रेसका महामन्त्री गगन थापा, केन्द्रीय सदस्य शंकर भण्डारी, नेकपा माओवादी केन्द्रका नेता हरिबहादुर चुमान पनि पुगेका थिए भने उनको प्रस्तावकमा श्यामकुमार मौराती छन् । मौराती गएको निर्वाचनमा प्रदेशतर्फ समानुपातिक सूचीमा रहेका कारण उनलाई हटाइ रघुनाथ पौडेललाई राखिएको थियो । समर्थकमा भने सरिता गुरुङलाई राखिएको छ ।

कांग्रेस परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टीबाट आफनो उम्मेदवारी मनोनयन गर्न डा.स्वर्णिम वाग्लेले पार्टी सभापति रवि लामिछानेलाई समेत सँगै लगेका थिए । अझ रोचक विषय भने तनहुँ कांग्रेसका पूर्व सचिव विश्व बास्तोलालाई वाग्लेको प्रस्तावकमा राखेर पार्टी प्रवेश गराइएको छ । बास्तोलाले एक वर्षअघि भएको स्थानीय तहको निर्वाचनमा कांग्रेस त्यागेका थिए । उनले मंसिरको चुनावमा रामचन्द्र पौडेलविरुद्ध बागी उम्मेदवारी समेत हालेका थिए । तर अन्तिम समयमा उनले उम्मेदवारी फिर्ता लिए पनि पौडेललाई सघाएनन् ।

गण्डकी प्रदेशका पूर्व ऊर्जामन्त्री हरिशरण आचार्य पनि वाग्लेका पक्षमा खुलेर मनोनयन दर्ता गर्ने स्थलसम्म पुगे । वाग्लेलाई विवेकशील साझा पार्टीले पनि समर्थन गर्ने भएको छ ।

कांग्रेसबाट प्रतिनिधिसभामा निर्वाचित रामचन्द्र पौडल राष्ट्रपति निर्वाचित भएपछि तनहुँ-१ मा उपनिर्वाचन हुन लागेको हो । यस क्षेत्रका ४२ वडामा ६९ मतदानस्थल तथा १ सय ५२ मतदान केन्द्र छन् । यो क्षेत्रमा १ सय ८५ मतदाता घटेर १ लाख २३ हजार ३ सय ५ कायम भएको छ । यसअघिको निर्वाचनमा ६६ हजार ९ सय ६५ मत खसेकामा पौडेल २५ हजार ३ सय ६१ मत प्राप्त गरी विजयी बनेका थिए भने उनका प्रतिस्पर्धी एमालेका एकबहादुर रानाले १९ हजार ९ सय ८१ मत प्राप्त गरेका थिए ।

## चितवन २ मा महिलासहित २४ उम्मेदवार

वैशाख १० गते आइतबार हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ का लागि दुई दर्जन उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका छन् ।

सोमबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गरिएको निर्वाचन आयोगले जनाएको छ । दलबाट १२ जनाले उम्मेदवारी दिएका छन् भने स्वतन्त्रबाट १२ जना गरी २४ जनाले उम्मेदवारी दर्ता गराएको सहायक निर्वाचन अधिकृत ईश्वर आचार्यले जनाए । २ महिलाको उम्मेदवारी परेको छ । १२ जना दलका उम्मेदवार छन् भने बाँकी १२ स्वतन्त्र उम्मेदवार हुन् ।१ लाख २४ हजार ६ सय ९५ मतदाता रहेको चितवन २ मा मतदानका लागि ४३ मतदान स्थलमा १ सय ३८ मतदान केन्द्र तोकिएका छन् ।

यो पटक चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले तथा नेपाली कांग्रेसबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने देखिएको छ । नागरिकता विवादमा मुछिएपछि तत्कालिन सांसद रवि लामिछानेको सांसद पद खारेज भएपछि हुन लागेको उपनिर्वाचनमा पुनः रवि स्वतन्त्र पार्टीको तर्फबाट उम्मेदवार बनेका छन् भने एमालेबाट गत मंसिरमा चितवन ३ बाट अन्तिम समयमा ब्याक भएका रामप्रसाद न्यौपाने तथा नेपाली कांग्रेसबाट निवर्तमान उपसभापति जितनारायण श्रेष्ठबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने देखिएको हो ।

गत निर्वाचनमा एमाले र कांग्रेसको उम्मेदवार भन्दा दोब्बर बढी मत ल्याएर विजयी लामिछानेले उम्मेद्वारी दर्ताको क्रममा यो पटक पनि जित निश्चित भएको दाबी गर्दा कांग्रेस र एमालेका उम्मेदवारले पनि परिणाम पहिलेको निर्वाचनको भन्दा फरक आउने र आआफूले जित्ने दाबी गरे । मनोनयन दर्ताक्रममा कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, सहमहामन्त्री महालक्ष्मी उपाध्यय डिना सहितका केन्द्रीय नेताहरु उपस्थित भएर श्रेष्ठले उम्मेदवारी दर्ता गर्दा एमालेबाट पनि केन्द्रीय उपाध्यक्ष सुरेन्द्र पाण्डे, पोलिटब्युरो सदस्य गोकुल बास्कोटासहितका केन्द्रीय नेता मनोनयनक्रममा चितवन पुगेका थिए ।

# वृहत्तरका अध्यक्षसहित पाँच जना भ्रष्टाचारी ठहर



मधेशदृष्टि
जनकपुरधाम, २० चैत ।
बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्षसहित पाँच जनालाई भ्रष्टाचारी ठहर भएका छन् ।

विशेष अदालतले परिषद्का तत्कालीन अध्यक्ष दिगम्बर राय, कार्यकारी निर्देशक सूर्यदेव साह र राजेशकुमार साह, नायब सुब्बा उषा मिश्रा तथा लेखापाल उत्तमराज शर्मा ढकाललाई भ्रष्टाचारी ठहर गरेको हो । भारत सरकारको सहयोगमा ८ वटा परियोजना ठेक्का लागेकोमा पाँचवटा परियोजनामा अनियमितता भएको भन्दै विशेष अदालतले उनीहरुलाई न्यायधिशद्वय शालिग्राम कोइराला र बलभद्र बाँस्तोलाको इजलासले भष्टाचार ठहर भएको फैसला गरेका हुन् ।

बृहत्तरको विभिन्न परियोजनाको ठेक्का लगाउने क्रममा अनियमितता भएको पाइएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १० जनालाई विपक्षी बनाएर २०७५ कात्तिक १५ गते मुद्दा दायर गरेको थियो । १० जनामध्ये ५ जनालाई विशेष अदालतले सफाइ दिएको छ । परिषद्बाट गठित बोलपत्र मूल्यांकन समितिले विभिन्न मितिमा मूल्यांकन गर्दा लागत अनुमान अंकमा बदनियतपूर्वक विभिन्न परियोजनामा मूल्यांकन सिफारिस गरेको विशेष अदालतको ठहर छ ।

अनुमान अंकभन्दा ३० प्रतिशतभन्दा धेरै घटेको भन्दै बोलपत्र अमान्य भएको देखाउँदै केही बोलपत्रलाई मूल्यांकन प्रक्रियामा समावेश नै गराइएको थिएन । यसरी लापरबाहीपूर्वक मूल्यांकन र बोलपत्र स्वीकृत गर्दा परिषद्लाई ६२ लाख ८८ हजारभन्दा बढीको घाटा भएको भन्दै अख्तियारले मुद्दा दर्ता गरिएको थियो ।

साथै, निर्माण कार्यका विभिन्न वस्तुमा ठेक्का सम्झौता भएकोमा इकाइ दरमा घटबढ हुने गरी भेरिएसन स्वीकृत गरेको भेटिएको थियो ।यसले परिषद्लाई थप ९ लाख ८५ हजार र अर्को ठेक्कामा ३ लाख ५४ हजार रुपैयाँको अनियमितता भएको दाबी अख्तियारले गरेका थिए । अख्तियारले कुल ७६ लाख २८ हजार रुपैयाँभन्दा बढी रकम बिगो मागदाबी गर्दै मुद्दा दायर गरेको थियो । दोषी ठहर भएका पाँचैजनाको चैत २८ गतेसम्म सजाय निर्धारण हुने बुझिएको छ ।

# बाघ नियन्त्रणमा लिन टोली परिचालन

मधेशदृष्टि
वीरगंज, २० चैत ।
पर्साको ठोरी गाउँपालिकामा गत सातादेखि आतँक मच्चाउदै आएका बाघलाई नियन्त्रणमा लिन निकुञ्जले टोली परिचालन गरेको छ ।

ठोरीका किसानको पशु चौपाया मारेर नष्ट पार्दै आएको बाघलाई नियन्त्रणमा लिनको लागि तिनदिनदेखि निकुञ्जको टोली परिचालन गरिएको छ । बाघलाई नियन्त्रणमा लिनको लागि चितवन राष्ट्रिय निकुञ्जबाट आएको डाक्टर, डाटगन टोली, वन्यजन्तु प्राबिधिक, नेपाली सेना लगायतको टोली तिनदिनदेखि परिचालन गरिएको पर्सा राष्ट्रिय निकुञ्जका सुचना अधिकारी सुर्य खडकाले जानकारी दिएका छन् । उनले बाघले पशु चौपाया मारेको घटनास्थलदेखि लिएर बाघ हिडने बाटोमा क्यामेरा जडान गर्नुका साथै टोली खटिरहेको बताउनुभयो । खड्काले डाटगन टोलीले जडान गरेको क्यामेरामा बाघको तस्बिर ठोरीमा आतँक मच्चाउने बाघ घाईते समेत भएको बताउदै उनले निकुञ्जभित्र दुई वटा बाघको लडाईमा सो बाघ घाईते भएको जानकारी दिए ।

# जनकपुरधाममा सद्भाव र्‍याली




मधेशदृष्टि
जनकपुरधाम, चैत २० ।
रामनवमीका दिन भएको घटनालाई लिएर जनकपुरधाम उपमहानगरपालिका र जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाममा धार्मिक सद्भाव र्‍याली निकालेको छ ।

जनकपुरधामका मेयर मनोज कुमार साह र धनुषाका सिडिओ काशिराज दाहालको अगुवाईमा निस्केको रयालीमा जानकी मन्दिरका महन्त रामतपेश्वर दास र मुस्लिम समुदायका मौलानाहरुको सहभागिता रहेको थियो ।

गत चैत १६ गते रामनवमीका दिन हिन्दु अभियानीहरुले निकालेको शोभायात्रा जानकी मन्दिरको परिक्रमा गर्नका लागि जानकी मन्दिर पछाडिको रहेका मदरसा भएर जाँदा र लादो बेला नजिक रहेको मस्जिद अगाडिबाट जाँदा मुस्लिम समुदायहरुले आफूहरुको रमजानमा असर पार्न यस्तो गरिएको भनेर सामान्य विवाद श्रृजना भएको थियो ।

सामान्य विवादलाई लिएर मुस्लिम आयोग सहितका संस्थाहरुले विज्ञप्ती निकालेर नकारात्मक किसिमले प्रचार प्रसार गर्न खोजेपछि जनकपुरधाममा सद्भाव कायम रहेको सन्देश प्रवाह गर्न जुलुस निकालिएको बताइएको छ ।

सदभाव र्‍यालीमा मुस्लिम समुदायका अगुवा र युवाहरुको बाक्लो उपस्थिती देखिएपनि हिन्दु अगुवा, अभियानी मात्र होइन सर्वसाधारणहरुको समेत सहभागिता फितलो देखिएको थियो ।

यसअघि प्रमुख जिल्ला अधिकारी काशिराज दाहालको अगुवाईमा आइतवार वृहत सद्भाव बैठक समेत गरिएको थियो । ती सद्भावना बैठकमा उच्छश्रृंखल कार्य गर्नेलाई पहिचान गरी कारवाही गर्न बैठकमा उपस्थिति सद्भाव अगूवाहरुले सुझाव दिएका थिए ।

# जबरजस्ती करणीका आरोपी ९ वर्षपछि जेल चलान

मधेशदृष्टि
राजविराज, २० चैत ।
जबरजस्ती करणीको आरोपमा फरार रहेका एक व्यक्तिलाई प्रहरी ९ वर्षपछि पक्राउ गरी कारागार चलान गरेको छ ।

जबरजस्ती करणी मुद्दामा ६ वर्ष कैद फैसला भएको साबिक सप्तरी मलेठ गाविस-७ हाल राजविराज नगरपालिका-९ बस्ने अकवर मिया ४२ वर्षीय छोरा जावुल मियालाई प्रहरीले पक्राउ गरी कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेश कुमार सिंहले बताए ।

सोही ठाउँका कौसिला कुमारी रामले दिएको जाहेरीको आधारमा सप्तरी जिल्ला अदालतले २०७० चैत २० गते दिन मियालाई ६ वर्ष कैद हुने गरी फैसला गरेपछि उनी फरार रहेका थिए ।




## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# मसलाको रुखले किचिएर मृत्यु

मधेशदृष्टि
वीरगंज, २० चैत ।
सर्लाहीको सदरमुकाम मलङ्गवा नगरपालिका वडा नं. ६ खुटौनामा रुख ढल्दा बाटोमा हिँडिरहेकी महिलाको किचिएर मृत्यु भएको छ । बाटो छेउमा रहेको मसलाको रुख काट्दै गर्दा लागेर ४५ वर्षीया पैदलयात्रु महिलाको मृत्यु भएको हो । मृतकको परिचय खुल्न सकेको छैन । सर्लाही प्रहरीका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार मृतकलाई स्थानीयले पहिचान गर्न नसकेको र मृतकको साथबाट भारतीय रुपैयाँ बरामद भएकाले भारतीय नागरिक हुनसक्ने अनुमान गरिएको छ । प्रहरी नायब उपरीक्षक राईले मृतकको परिचय खुलाउन प्रहरी परिचालन भइरहेको बताए। मृतक महिलाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ। लापरबाही ढङ्गले रुख लढाउने व्यक्ति फरार भएका छन् ।



# भूतपूर्व सैनिक सम्मेलन सम्पन्न

मधेशदृष्टि
वीरगंज, २० चैत ।
प्रधान सेनापति प्रभुराम शर्माले विपद् व्यवस्थापन, शान्ति सुरक्षा, विकास निर्माणलगायत सरकारबाट प्राप्त जिम्मेवारी प्रभावकारी ढंगले निर्वाह गर्न नेपाली सेना कटिबद्ध रहेको बताएका छन् । महोत्तरीको बर्दिबासस्थित मध्य पूर्वी पृतना हेडक्वाटरमा भूतपूर्व सैनिक सम्मेलन उद्घाटन गर्दै उनले सेना बलियो भए मुलुकको राष्ट्रिय सुरक्षा र हितको संरक्षण हुने बताए । सेनापति शर्माले नेपालको स्वतन्त्रता, सार्वभौम सत्ता र राष्ट्रिय एकताको रक्षा गर्नु नेपाली सेनाको संविधानतः प्रमुख जिम्मेवारी रहेको उल्लेख गरे । सैनिक कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत गौरव तण्डुलले अवकाश प्राप्त सैनिक एवम् पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिप्रति लक्षित सम्मेलनले विभिन्न दर्जा, युनिट र स्थानमा तैनाथ रही योगदान पुऱ्याएका पूर्वसैनिकको पुनर्मिलनको ठूलो अवसर प्रदान गरेको बताए । नेपाली सेनाको व्यवस्थापन तथा सैनिक कल्याणकारी बोर्डको संयोजकत्वमा भूतपूर्व सैनिकका लागि लक्षित गरी आयोजना गरिएको 'भूतपूर्व सैनिक सम्मेलन, २०७९' मा महोत्तरी, धनुषा, सर्लाही, सिरहा, बारा, पर्सा, रौतहट र सप्तरीमा स्थायी बसोबास गर्ने दुई हजार भूपू सैनिकको सहभागिता रहेको सैनिक प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले जानकारी दिए ।

# विन्दवासिनी चोक दुर्गन्धित



मधेशदृष्टि
वीरगंज, २० चैत ।
वीरगंज महानगरपालिका-१९ विन्दवासिनी चोकमा नालाको जाम र बाटोमा फोहरमैलाका कारण वातावरण दुषित बनेको छ।
नाला र बाटोको सरसफाइ नहुँदा बढेको दुर्गन्धले स्थानीय समस्यामा परेका छन् ।
बरवामा कहिलेकहिँ सरसफाइ भए पनि विन्दवासिनी चोकमा सरसफाइ र पानीको निकास नगरिएका कारण समस्या भएको हो ।
वडा नम्बर १९का वडाध्यक्ष मुकेश चौरसियाले एतिहासिक चर्चित विन्दवासिनी चोकमा सरसफाइ र फोहोर व्यवस्थापनमा चासो नदिएको स्थानीयले बताए । ऐतिहासिक विन्दवासिनी दर्शन गर्न आउने भक्तजन तथा यात्रु पनि दुर्गन्धको सिकार भएका छन् ।

# लागुऔषधका कारोबारीको झडपमा गोली चल्यो

मधेशदृष्टि
विराटनगर, २० चैत ।
विराटनगरको सीमावर्ती क्षेत्र जोगवनीमा दुई समूहबीच झडप हुँदा गोली चलेको छ ।
नेपाल-भारत सीमा क्षेत्र दरैया नाका नजिकै भारतको जोगबनी-४ टिकुलिया बस्तीमा दुई समूहबीच गोली हानाहान भएको हो ।
प्रहरी स्रोतका अनुसार सोमबार बिहान ४ बजे भारतीय लागुऔषध कारोबारीबीच गोली हानहान भएको थियो ।



एउटा समूहको प्रहारबाट अर्को समूहका सदस्य टिकुलिया वस्तीका ३७ वर्षीय अंकित सिंह घाइते भएका छन् । उनको मुखमा गोली लागेको छ । भारतीय नागरिक सिंहको विराट नर्सिङ्ग होममा उपचार भइरहेको छ ।
सिंह खतरामुक्त रहेको अस्पतालले जनाएको छ । प्रहरी स्रोतका अनुसार गोली प्रहार गर्ने र घाइते दुवै लागुऔषध कारोवार गर्ने गिरोहका सदस्य हुन् । भारतीय क्षेत्रमा घटना भएका कारण नेपाल प्रहरीले प्रतिक्रिया जनाएको छैन ।

# डाबरलाई एक्सलेन्स अवार्ड

मधेशदृष्टि
वीरगंज, २० चैत ।
डाबर नेपालले प्रतिष्ठित पुरस्कार 'नेसनल एचआर एक्सलेन्स अवार्ड-२०२३' जितेको छ । ३१ मार्च २०२३ मा आयोजित कार्यक्रममा डाबर नेपालले अवार्ड पाएको कम्पनीले जनाएको छ ।
नेपालमा एचआर नीति, अभ्यास र कार्य सम्पादन कम्पनीको समग्र उत्कृष्टतालाई मान्यता दिँदै पुरस्कार हात पार्न सफल भएको कम्पनीले बताएको छ । ग्रोथ सेलर्स, एक स्वतन्त्र एचआर कन्सल्टिङ फर्मद्वारा आयोजित एचआर मीट २०२३ को विशेष समारोहमा डाबर नेपाललाई अवार्ड हस्तान्तरण गरिएको थियो ।
अवार्ड हस्तान्तरण कार्यक्रममा डाबर नेपालका एचएस बेदी (व्यवसाय प्रमुख), अनिल पुरी (हेड एचआर) र एचआर विभागका अन्य कर्मचारीहरुको सहभागिता थियो । नेशनल एचआर एक्सलेन्स अवार्ड प्राप्त गर्नु डाबर नेपालकै लागि बहुमूल्य सम्पत्ति भएको कम्पनीले जनाएको छ ।

# रगत दिउँ, जीवन बचाउँः नेपाल



मधेशदृष्टि
वीरगंज, २० चैत ।
नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले अरूको जीवन बचाउन आफूले गर्नसक्ने सबै कुरा दान गर्ने मानिसको खाँचो रहेको बताएका छन् ।
सोमबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा युवा सङ्घ नेपाल केन्द्रीय निर्वाचन आयोगले स्टालिन जयन्तीको अवसरमा गरेको रक्तदान कार्यक्रममा अध्यक्ष नेपालले मानव जातिका लागि रगत आवश्यक रहेको बताए । उनले भने, 'मानव जीवनका लागि रगत अत्यन्त आवश्यक छ । रगत दान मानिसको प्राण जोगाउने माध्यम हो । रगत दिएर अरूको ज्यान बच्न सक्छ, आयु लम्बिन सक्छ । शरीरका कुनै पनि अङ्ग दान गर्न तयार छु भन्ने मानिसको खाँचो छ ।' अध्यक्ष नेपालले कार्यक्रममा उपस्थित युवालाई रक्तदान गर्न अपिलसमेत गरे ।

# सहकारीलाई विश्वनीय बनाऔँः सिंह



मधेशदृष्टि
वीरगंज, २० चैत ।
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सहकारी बलियो बनाउन महानगरले नीतिगत तथा व्यवहारिक रुपमा काम अगाडि बढाएको बताएका छन् ।
६६ औँ राष्ट्रिय सहकारी दिवसका अवसरमा वीरगंजमा आयोजित कार्यक्रममा सिंहले दैनिक कमाएर जीवन निर्वाह गर्नेको सहारा रहेको सहकारीलाई बलियो बनाउन महानगर सँधै तयार रहेको बताए । तीन खम्बे अर्थ नीतिअनुरुप सहकारी एक खम्बा रहेकाले यसलाई विश्वसनीय र सेवा चुस्त बनाउन सहकारीकर्मीले आफ्ना ठाउँबाट भूमिका निर्वाह गर्न पनि आग्रह गरे । कार्यक्रमअघि 'सहकारीको दिगोपना, स्वनियमन र सुशासन' भन्ने नाराका साथ घण्टाघरबाट निस्केको प्रभातफेरी नगरपरिक्रमा पछि पुनः घण्टाघर पुगेर कार्यक्रममा परिणत भएको थियो । महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा जिल्लास्थित विभिन्न सहकारी संस्थाका प्रतिनिधि तथा सहकारीकर्मीको उपस्थिति थियो ।

# महिलालाई लक्ष्यित गरेर घुम्ती शिविर

मधेशदृष्टि
वीरगंज, २० चैत ।
पर्साको ग्रामीण भेगका विभिन्न वडामा सञ्चालित घुम्ती स्वास्थ्य शिविरबाट ग्रामीण भेगका ६ सय भन्दा बढी महिला लाभान्वित भएका छन् । ग्रामीण भेगका महिलालाई लक्षित गरी घरमै स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले वीरगंज महानगरपालिकाले घुम्ती स्वास्थ्य शिविर गरेपछि स्थानीय लाभान्वित भएका हुन् ।
घुम्ती शिविरमा खासगरी ग्रामीण भेगका महिलाको आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, फिस्टुला तथा पाठेघरसम्बन्धी स्क्रिनिङ जाँचलगायतका विभिन्न स्वास्थ्य चेकजाँच गरिएको थियो ।
वीरगंज महानगरको ६ वटा वडामा सञ्चालन गरिएको घुम्ती स्वास्थ्य शिविरबाट ६ सय ६१ महिला लाभान्वित भएका हुन् । शिविरमा १ सय ९ महिलाको पाठेघरको मुखको क्यान्सरसम्बन्धी गरिएको परीक्षणमा २० जनामा गम्भीर समस्या देखिएको थियो । शिविरमा २४ महिलामा आङ खस्ने समस्याबारे परीक्षण गरिएको थियो ।
स्त्रीरोग विशेषज्ञ डा. प्रीति यादव र डा. दीप्ति यादवले स्वास्थ्य परीक्षण गरेका थिए भने सहजीकरण वीरगंज महानगरपालिका वडा नम्बर २८ बगही प्राथमिक स्वास्थ्य केन्द्रकी स्टाफ नर्स रिन्कु कुमारी साहले गरेकी थिइन् ।
वीरगंज महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखा अन्तर्गतको जनस्वास्थ्य प्रवर्द्धन शाखाको सहकार्यमा चैत ८ गतेदेखि सुरु भएको शिविर विभिन्न वडा हुँदै चैत १९ गते सकिएको हो ।
वीरगंज महानगरपालिका वडा नम्बर २९ बसडिल्वाको स्वास्थ्य चौकीबाट सुरु भएको शिविर वडा नम्बर २८ को बगही स्वास्थ्य केन्द्र, वडा नम्बर २० हरपतगंज स्वास्थ्य चौकी, वडा नम्बर २६ सुगौली बिर्ताको स्वास्थ्य चौकी, वडा नम्बर २४ रागढवाको स्वास्थ्य चौकी हुँदै वडा नम्बर २३ प्रसौनी बिर्ताको स्वास्थ्य चौकीमा पुगेर सम्पन्न भएको हो ।

## वीरगंज महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**माइधिया पोखरी ठेक्कामा लगाउने सम्बन्धि**

**30 दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/१२/२१**

वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले वी.म.न.पा. वडा नं.१६ मारहेको माइधियापोखरी आ.व. २०८०/०८१ देखि ५ वर्ष सम्मकालागि बहुवर्षीय रुपमा ठेक्का बन्दोबस्त गर्न स्थानीय सरकार संचालन ऐन, २०७४, वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०७९, वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ ले दिएको अधिकारको परिधिभित्र रही आन्तरिक आयका शीर्षकहरुबाट राजस्व संकलन गर्न मिति २०७९/१२/१५ गतेको निर्णयानुसार प्रथमपटक यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको समयावधि भित्र बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**शर्तहरू**

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदका साथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखाबाट खरीद गर्न सकिनेछ ।
२. बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ । तोकिएको समय भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु सोही दिन, दिनको ३:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहबरमा वी.म.न.पा., नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र साथ आफूले कबुल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं.१२५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको सूचनामा १२० दिन म्याद भएको बिडबण्डको सक्कलप्रति संलग्न राख्नु पर्नेछ ।
४. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपले उल्लेख गरी सहीछाप गरी पेश गर्नुपर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दीखामको बाहिर यस कार्यालयको नाम र आय शिर्षक स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
६. बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय अनुसार क्रमशः कायम हुनेछ ।
७. बोलपत्र साथ नागरिकताको प्रमाणपत्र वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको व्यवसायिक प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवं अन्य कुनै कर बुझाउनु पर्ने बाँकी भए सोको चालु आ.व. सम्मको कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
८. बोलपत्रमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०७९, वीरगंज महानगरपालिकाको सार्वजनिक खरीद नियमावली, २०७७ र प्रचलित कानून बमोजिमहुनेछ ।
९. तपसिलमा उल्लेखित आय शिर्षकको ठेक्का सकार अंकको किस्ता र बैंक ग्यारेन्टी सम्बन्धि व्यवस्था बोलपत्र फारममा उल्लेख गरिनेछ ।
१०. आफुले कबोल गरेको ठेक्काअंक बराबरको एकमुष्ठ रकम बुझाएमा न्यूनतमअंकमा नघटने गरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।
११. ठेक्का सम्बन्धि विषयमा कुनै किसिमको वादविवाद भएमा वीरगंज महानगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
१२. उल्लेखित ठेक्का सम्बन्धमा अन्य आवश्यक बुझ्नु परेमा यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्नु हुन वा मोबाइल नं. ९८५४०२६३३३ मा सम्पर्क राखी बुझ्न सक्नुहुनेछ ।

| ठेक्का नं. | आयशिर्षक | न्यूनतम ठेक्का अंक वार्षिक (मु.अ.कर बाहेक) | बोलपत्रदस्तुर (पछि फिर्ता नहुने गरी) |
|---|---|---|---|
| ८/२०७९/०८० | वी.म.न.पा. वडा नं.१६ मा रहेको माइधिया पोखरी ठेक्कामा लगाउने सम्बन्धि | रु. १४,१५,५५५।४० (चौध लाख पन्ध्र हजार पाँच सय पचपन्न पैसा चालिस मात्र) | रु.३०००।- |

सम्पादकीय

# उपनिर्वाचनको रौनक र नेताहरु

मधेश प्रदेशको बारा-२, बागमती प्रदेशको चितवन-२ र गण्डकी प्रदेशको तनहुँ-१ मा उपनिर्वाचनको तामझाम सुरु भएको छ । वैशाख १० गते हुन लागेको उपनिर्वाचनका लागि सोमबार यी निर्वाचन क्षेत्रका उम्मेदवारहरुले मनोनयन गरेका छन् । हेभिवेट उम्मेदवारहरु यसपटक फेरि संसदमा छिर्ने मनसायका साथ उम्मेदवारको सूचीमा अटाएका छन् ।

दलबलसहित उनीहरुले उम्मेदवारी दर्ता गराएका छन् । तनहुँमा नेपाली कांग्रेसका रामचन्द्र पौडेल राष्ट्रपति चयन भएपछि रिक्त भूगोलमा उपनिर्वाचन हुने लागेको हो । यस्तै, बारामा जसपाका रामसहायप्रसाद यादव उपराष्ट्रपति बनेपछि रिक्त भूगोलमा उपनिर्वाचन तोकिएको हो । उता, चितवन-२ मा भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद रवि लामिछाने गृहमन्त्री भएको ३२ दिनमै नागरिकता प्रकरणमा सांसद पद नै खारेज भएपछि सबैभन्दा पहिला सांसद पद गुमाउने व्यक्ति बनेका हुन् । तीन निर्वाचन क्षेत्रमा एकैदिन उपनिर्वाचन तोकिएको छ । मधेश प्रदेशको बारा-२ मा उपनिर्वाचनको रौनक अर्कै छ । यसपटक उपनिर्वाचनमा मंसिर ४ गते मात्रै निर्वाचन हारेका अनुहारहरु फेरि संसद छिर्ने लालसासहित उम्मेदवार बनेका छन् ।

सप्तरीबाट पराजित जसपा अध्यक्ष उपेन्द्र यादव बारा-२ मा गठबन्धनबाट उम्मेदवार भएका छन् । मंसिर ४ को निर्वाचनमा जम्मा ३ सय ५४ मतले पराजित माओवादीका शिवचन्द्र कुशवाहा गठबन्धन र पार्टीले टिकट दिने छाँटकाँट नदेखेपछि सिके राउतको पार्टी प्रवेश गरेर उम्मेदवार भएका छन् । उसो त आमा पार्टी बनाएर काठमाडौँमा उठेका पूर्वडिआइजी रमेश खरेल रास्वपा प्रवेश गरेर बारामा पुनः उम्मेदवार भएका छन् । योसँगै चितवनको उपनिर्वाचनमा पनि पुरानै उम्मेदवार रवि लामिछाने उम्मेदवार भएका छन् । यसर्थ, नेताहरु पदका भोका छन् भन्नेमा नयाँ-पुराना सबै पार्टीका नेताहरुको उम्मेदवारीले पुष्टि गर्छ । पार्टी एकीकरण थाँती राखेर पूर्व गृहराज्यमन्त्री रिजवान अन्सारीसमेत नागरिक उन्मुक्तिबाट बारा-२ मा उम्मेदवार भएपछि कसले पो पद छाड्न चाहन्छ र भन्ने उदाहरण खोज्न अन्त गइरहन पर्दैन ।

बाराकै प्रसंग जोडौँ, यादव समुदायको मत नै निर्णायक हुने त्यहाँ उपेन्द्र यादवलाई सिके राउत, रेशम चौधरीकै गठबन्धन पार्टीले पनि सहयोग गरेको छैन । अझ राउतसँगै पराजित भएका उपेन्द्र हराउन राउतले माओवादीका उम्मेदवार तानेर आफ्नो रणनीति सफल पार्न निकै कसरत गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका रमेश खरेल र रिजवान अन्सारी पनि गठबन्धनको केही मत चोर्न कामयाव हुने नै देखिन्छन् । यस्तो अवस्थामा गठबन्धनबाट उम्मेदवार बनेका उपेन्द्र नै सबैभन्दा बढी जोखिममा रहने सत्य हो । यो सँगै माओवादी, कांग्रेस, समाजवादीले इमानदार भएर मत दिन सके मात्रै उपेन्द्रको विरासतमा राउतले ब्रेक लगाउन नसक्ने देखिन्छ ।

उपनिर्वाचन भयरहित वातावरणमा गर्न निर्वाचन आयोग जुटेको छ । चितवन, तनहुँमा जस्तै मधेश प्रदेशको बारामा पनि निर्वाचनको रौनकसँगै मतदाता तान्न नेताहरु सक्रिय भएका छन् । असन्तुष्टि तीनै क्षेत्रमा देखिन्छ । चितवनमा पनि कांग्रेसकै पुराना नेता असन्तुष्ट देखिएका छन् । यस्तो अवस्थामा गठबन्धन भन्दा पनि जनताको घरआँगन पुगेर मत बटुल्न सक्नेहरु नै सफल हुनेमा शंका छैन ।

सबै पार्टीका नेता उस्तै छन् । कोही पनि दूधले नुहाएका भनेर विश्वास गर्ने आधार पनि छैन । अनि पदका लागि 'पार्टीबदलुहरु' आएकाले गजबको वैकल्पिक शक्ति भेटियो भनेर मंसिर ४ गतेजसरी ढुक्क भएर मत हाल्ने मानसिकतामा पनि मतदाता छैनन् । यस्तो बेला जोखिम मोलेर मैदानमा उत्रिएका उम्मेदवारहरुले पहिला आफैँलाई तराजुमा राखेर काम गरुन्, अनि मात्रै अरु उम्मेदवारको कुरा काटून् र जनतासामु पुगून् । अहिले यति मात्रै भनौँ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# उपेन्द्रको उपनिर्वाचन यात्रा र उपशंकाहरु



–अर्जुन थपलिया

*दक्षिणी शक्तिलाई यादवभन्दा भरपर्दो शक्ति चाहिएको छ । दक्षिण खुलारुपमा केही बोल्दैन तर उसको मौनता चुनाव परिणाममा स्वर बनेर मुखरित हुन्छ । दक्षिणको यो तिलस्मी रणनीति नेपाली निर्वाचनमा (खासगरी मधेशमा) अचुक हुन्छ । त्यसमाथि यादवको समकक्षी प्रतिद्वन्द्वी राउत प्रज्ञावान छन् । अणुमा असीम देख्छन् । अनन्तका मार्गानुगामी राउत समबुद्धको साधना थाति राखेर विराट सत्ताको भर्‍याङ बनाउँदै छन् । उत्ताल वेगबाट सुसुप्त हुने र पुनः उदाउने राजनीतिक र रणनीतिक कला कही जीवित छ भने सिके राउतको मष्तिष्कमा छ ।*

मंसिर ५ मा भएको निर्वाचनको प्रचारप्रसार उत्कार्षमा पुगेका बेला कान्तिपुरमा कार्यरत एक जना पत्रकार मित्रले फेसबुकमा स्टाटस लेख्नुभयो, 'लैनचौर टोली जनकपुरमा अवतरण ।' त्यो स्टाटसले राजनीतिक दल र तिनका उम्मेदवारहरुबीच हल्लिखल्ली मच्चाएको थियो । कुन निर्वाचन क्षेत्रको मत परिमाण र परिणामलाई उलटपुलट पार्ने हुन् भन्ने चिन्ता छाएको थियो । जनकपुरबाट त्यो टोली कता कता जान्छन् भनेर विभिन्न दल र उम्मेदवारहरु चियो गर्न कार्यकर्ताहरु पठाएका थिए । अन्ततः मधेशका मसिहा उपाधि मण्डित व्यक्तित्व उपेन्द्र यादव पराजित भए । यादवको पराजय परिणाम आउनुमा अन्य पनि धेरै कारण पनि होलान् तर लैनचौरको चाहना र भूमिकालाई पूरै नजरअन्दाज गर्न सकिदैंन ।

सप्तरीमा पराजित यादव ६ महिना नपुग्दै उपनिर्वाचनमा भिड्न बारा पुगेका छन् । यादवको उपचुनावमा उम्मेदवार बन्ने चाहनाले उनी सत्तासीन नभई बस्नै नसक्ने जस्ता संगीन आरोप लगाउनेहरुको तर्कलाई बल मिलेको छ । तर चुनावमा भिड्नुअघि उनले नजिकैको सहर वीरगंजमा महावाणिज्य दूतावास रहेको कुरा बिर्सन हुँदैन । एकपटक वीरगंजमा भएको तत्कालीन मधेशी जनअधिकार फोरमको अधिवेशनमा चिनिया प्रतिनिधिको उपस्थितिले दक्षिणी शक्तिको विश्वासमा भ्वाङ्ग पर्‍यो । सानो प्वाल भए रफ्फू हुन्थ्यो होला तर भ्वाङ रफ्फू गर्न यादवले सकेनन् । यद्यपि उनले दक्षिणी सम्बन्धमा भएको क्षयीकरण टाल्ने अनेकन प्रयास गरेकै हुन् । जसले जे भने पनि महावाणिज्य दूतावासको सहयोगबिना उपेन्द्र यादवले संसद भवन नयाँ शानेश्वर छिर्न गरेका दोस्रो प्रयास सफल हुने कुरा अपत्यारिलो देखिन्छ । शिवचन्द्र कुशवाहा अचानक र अनायास माओवादी छोडेर जनमत रोज्दै गएका होइनन् ।



गत संसदीय निर्वाचन र प्रदेश सभाको निर्वाचनबाट मधेश प्रदेशमा कस्को राजनीतिक प्रभूता कायम रहने स्पष्ट संकेत देखा परेको छ । आगामी निर्वाचनबाट मधेशको पहिलो राजनीतिक शक्तिको रुपमा उदय हुने उत्कट चाहना र सघन राजनीतिक अभ्यासमा जनमत पार्टी र तिनका नेता सक्रिय छन् । पहिलो चुनावमा 'मधेशका मसिहा' लाई सिरुको भुवा जस्तै फुङ्ग उडाइदिएका सिके राउतले उनलाई सजिलै खुट्टा टेक्न दिने छैनन् । पहिलो पटक चुनावमा पराजित भएकै कारण मधेशमा सत्व गुमाएका यादव अब बारामा पुन पराजित भएछन् भने त्यसको झट्का पाँच वर्ष पछिसम्म रहने छ । मधेशमा राजनीतिक दादाको तक्मा सिके राउत र उनको जनमत पार्टीले भिर्ने छ । राउतले त्यसका लागि भागिरथ प्रयत्न पनि गर्ने छन् । यादवलाई मधेशमा मसिहा भनिन्थ्यो तर राउतले बारामा फिरङ्गी भनिदिए । मधेश आन्दोलन गुज्रेको १६ वर्ष भयो । दार्शनिक हेगेलको तर्क बेजोड थियो तर सय वर्ष नपुग्दै उनी समाजको मानसपटलबाट हराए । त्यसरी नै यादवको रहनुमापन (मसिहापन) मधेशबाट विलुप्त हुँदैछ । मधेश आन्दोलनको ऊर्जाले उनलाई जीवनपर्यन्त मधेशमा ज्वाजल्यमान राख्ला भन्ने उनको भरोसा टुटेको छ । गैर यादवहरुलाई उपेक्षा गरिने छैन भन्ने उनको नेतृत्वको दलले मधेशमा विश्वास छर्न सकेन । फलतः मधेशको दोश्रो ठूलो जनसंख्या रहेका महतो (कोइरी) जातिका नेताहरु प्रायःजसो उनको पार्टीबाट पलायन भए । अन्य राजनीतिक दलहरुले महतोहरुलाई समाहित गराए । यादवका लागि यो पुजीगत घाटा भयो । जातीय आन्दोलन र जातीय वर्चश्वको लालित्यले राजनीतिलाई आभायुक्त बनाइरहेको समयमा यादवले यादवमोह संवरण गर्न सकेनन् । अन्य मधेशीहरुप्रति न्यायपूर्ण देखिएनन् । उनको गरिमा ओरालो लाग्नु पर्ने एउटा कारण यो पनि हुनसक्छ । महतो नेतृत्वहरु फरक फरक राजनीतिक शक्तिमा समाहित भएर अभ्यूदयको सम्भावना चाहार्न थाले । गैरयादवको उपेक्षा र बहिर्गमन जसपाको क्षयीकरणको कारण बन्यो ।

दक्षिणी शक्तिलाई यादवभन्दा भरपर्दो शक्ति चाहिएको छ । दक्षिण खुलारुपमा केही बोल्दैन तर उसको मौनता चुनाव परिणाममा स्वर बनेर मुखरित हुन्छ । दक्षिणको यो तिलस्मी रणनीति नेपाली निर्वाचनमा (खासगरी मधेशमा) अचुक हुन्छ । त्यसमाथि यादवको समकक्षी प्रतिद्वन्द्वी राउत प्रज्ञावान छन् । अणुमा असीम देख्छन् । अनन्तका मार्गानुगामी राउत समबुद्धको साधना थाति राखेर विराट सत्ताको भर्‍याङ बनाउँदै छन् । उत्ताल वेगबाट सुसुप्त हुने र पुनः उदाउने राजनीतिक र रणनीतिक कला कही जीवित छ भने सिके राउतको मष्तिष्कमा छ । अब यादव नेतृत्वको जसपा र सिके राउत नेतृत्वको जनमत बीच लोकतान्त्रिक सहिष्णुता त रहला तर आफूलाई सिरेटोमा सेकिने गरी मजेत्रो अर्कोलाई ओढाउने आशा नगरे हुन्छ । अब मधेशमा यी दुई राजनीतिक शक्ति चीर राइँदाइँ लगभग समाप्त भयो । महन्थ ठाकुर नेतृत्वको लोसपा मधेश र मधेशी भन्दा भिन्न स्वार्थ नरहे पनि क्रमश खिइँदै गयो । दाजुभाइमा मानो चामल मिसाए र छुट्याए झैं कहिले मिसिने र कहिले छुट्टिने अभ्यासले पार्टीको निजत्व विलीन हुँदै गयो । आफू त असी पुगी बसी खाने बेला भए । चितवन पूर्वको भूमिमा नेतृत्व गर्ने उनका उत्तराधिकारी डा. सुरेन्द्र झा छन् । बौद्धिक सामर्थ्य भए पनि उनी उपेन्द्र यादवको टक्करमा आउन सकेका छैनन् । किनकी जातीय रुपमा प्रतिद्वन्द्वी रहनेछन् ।

> "बाराको उपनिर्वाचन उपेन्द्र यादवका लागि पुनरुत्थान भन्दा पनि जुवा सावित हुनेछ । जिते पनि गुमेको साँवा फर्कियो भनेर सन्तोष मान्नुबाहेक खासै राजनीतिक उपलब्धी हुने छैन । मन्त्री बन्न मरिहत्ते गर्ने उनको प्रवृत्तिले उनलाई अतिशय पदलोलुप भनेर चित्रण गरिन्छ । यो उपनिर्वाचन जिते भने उनी संसद भवनभित्र देखा पर्ने छन् तर उनको गरिमा भने उठ्ने छैन । उनका आलोचकहरुका लागि आलोचना गर्ने स्थान र कमजोर कडी उपलब्ध हुनेछ । यद्यपि गठबन्धनका सहपाठी दलहरुले बारामा उनलाई जिताउन सबथोक सहयोग गर्ने भनेका छन् । सहयोगी दलहरुको वचन उनका लागि आत्मविश्वास बढाउने बुटी बनेको छ ।

महन्थ ठाकुरको वास्तविक राजनीतिक उत्तराधिकारी थिए हृदयेश त्रिपाठी उनका लीग चितवनभन्दा पश्चिम राजनीतिक बिर्ता (अर्को मधेश प्रदेश) कायम हुन सकेन । उनको राजनीतिक अति अल्पसंख्यक समूहमा पर्दछन् । लोसपा ओरालो लगेको ठानेर मधेशमा एकल राजनीतिक खेलाडी बन्ने उपेन्द्र यादवको सपना सिके राउत नेतृत्वको जनमत पार्टीले टुटाइदिएका छन् । बाराको *बाँकी पृष्ठ ६ मा*

# उपनिर्वाचनको केन्द्रमा 'किसान'



– वीरेन्द्र ओली

*तनहुँमा जन्मे हुर्केका कृष्णकुमार श्रेष्ठ 'किसान' दोस्रो संविधान सभा (२०७०) मा राष्ट्रपति रामचन्द्र पौडेलसँग पराजित भएका थिए । २०७४ सालको चुनावमा उनै पौडेललाई ६ हजार मत अन्तरले पराजित गरे । पौडेलले २७ हजार ६ सय ७५ मत ल्याउँदा श्रेष्ठ ३४ हजार ४८९ मत ल्याएर निर्वाचित हुन सफल भए । गत चुनावमा उनै पौडेललाई निर्वाचन क्षेत्र छोड्नुपर्ने दबाबपछि उनी बारा-४ बाट चुनाव लड्न पुगे । तराई झरेर बारा ४ बाट जसपाका एकवाल मियाँलाई पराजित गरेर श्रेष्ठ निर्वाचित हुन सफल भए ।*

नेकपा (एकीकृत समाजवादी)का नेता तथा बारा-४ का सांसद कृष्णकुमार श्रेष्ठ 'किसान' यतिबेला खुट्टामा चोट लागेर 'बेड रेस्ट' मा छन् । चोटग्रस्त भएर ओछ्यानमा हुँदासमेत श्रेष्ठलाई फुर्सद छैन । कारण, वैशाख १० मा हुने उपनिवौचन । चितवन-२, तनहुँ-१ र बारा-२ गरेर एकैपटक तीन निर्वाचन क्षेत्रमा निर्वाचन हुँदैछ । यी तीन क्षेत्रमध्ये तनहुँ र बाराको चुनावमा श्रेष्ठ केन्द्रमा छन् । तनहुँ र बारा दुवै जिल्लामा उत्तिकै प्रभाव रहेकाले त्यस क्षेत्रका उम्मेदवारहरूले श्रेष्ठलाई भेटेर सहयोग माग्न थालेका हुन् ।

तनहुँ-१ बाट कांग्रेसका उम्मेदवार गोविन्द भट्टराई, एमाले उम्मेदवार सर्वेन्द्र खनाल, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार स्वर्णिम वाग्लेले श्रेष्ठलाई भेटेरै सहयोग मागेका छन् । त्यस्तै बारा-२ मा उम्मेदवार रहेका जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले समेत फोन गरेर श्रेष्ठसँग सहयोग मागेका छन् । यादवले श्रेष्ठलाई 'तपाईं चुनावी मैदानमा नआउँदासम्म जित्न कठिन हुने' बताएका छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले समेत श्रेष्ठलाई आइतबार दिउँसो फोन गरेर गठबन्धनका उम्मेदवारलाई सहयोग गर्न आग्रह गरेका छन् । यसअघि २०७४ को निर्वाचनमा कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई हराएका श्रेष्ठको तनहुँमा जनमत बलियो भएको मानिन्छ । 'मैले यसअघि तनहुँबाट र अहिले बारा-४ बाट चुनाव जितेँ । अब उपनिर्वाचन हुने भएपछि सहयोग माग्नु स्वाभाविक हो,' श्रेष्ठले भने, 'तर म खुट्टामा चोट लागेर बेड रेस्टमा छु । आवश्यक सहयोग गठबन्धनका उम्मेदवारलाई गर्नुपर्ने हुनसक्छ ।'

एकीकृत समाजवादीबाट तनहुँ-१ बाट चुनाव लड्न प्रतापलाल श्रेष्ठको नाम सिफारिस भएको छ । उनी उठ्ने-नउठ्ने टुङ्गो लागेको छैन । पार्टीबाट उम्मेदवार सिफारिस भएसँगै उनले पनि श्रेष्ठलाई चुनावमा सहयोग मागिरहेका छन् । यसअघि २०७४ को निर्वाचनमा कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई हराएका श्रेष्ठको तनहुँमा जनमत बलियो भएको मानिन्छ ।

उद्योग वाणिज्य क्षेत्रमा पनि श्रेष्ठको राम्रो प्रभाव रहेको छ । तर २०७९ को निर्वाचनमा यस क्षेत्रबाट चुनावमा एकीकृत समाजवादीको समानुपातिकमा ९ सय ५ मत मात्र आएको थियो ।



तनहुँ-१ बाट एमाले उम्मेदवार सर्वेन्द्र खनालले श्रेष्ठलाई सहयोग माग्नुभन्दा पनि बिरामी भएर भेट्न गएको बताए । 'उहाँ (किसान श्रेष्ठ) तनहुँको नेता हुनुहुन्छ । बिरामी हुनुहुन्छ भेट्न पनि जानुपर्‍यो,' खनालले भने, 'अरू चुनावी गतिविधि वा अन्य कुनै कारणले सहयोग माग्न मात्र गएको होइन ।' माओवादी केन्द्रबाट तनहुँ-१ 'ख' बाट निर्वाचित हरिबहादुर चुमान भन्छन्, 'यस क्षेत्रबाट एकीकृत समाजवादीबाट एक जनाको नाम सिफारिस भएको छ । उम्मेदवार नउठाउनुस् हामीलाई सहयोग गर्नुस् भनेर पनि उहाँसँग भेट्न गएका हुन सक्छन् । जे जस्तो भए पनि एकीकृत समाजवादीको भोट छ ।'

तनहुँमा जन्मे हुर्केका श्रेष्ठ दोस्रो संविधान सभा (२०७०) मा राष्ट्रपति रामचन्द्र पौडेलसँग पराजित भएका थिए । २०७४ सालको चुनावमा उनै पौडेललाई ६ हजार मत अन्तरले पराजित गरे । पौडेलले २७ हजार ६ सय ७५ मत ल्याउँदा श्रेष्ठ ३४ हजार ४८९ मत ल्याएर निर्वाचित हुन सफल भए । गत चुनावमा उनै पौडेललाई निर्वाचन क्षेत्र छोड्नुपर्ने दबाबपछि उनी बारा-४ बाट चुनाव लड्न पुगे ।

तराई झरेर बारा ४ बाट जसपाका एकवाल मियाँलाई पराजित गरेर श्रेष्ठ निर्वाचित हुन सफल भए । एमाले-जसपा गठबन्धनबाट उम्मेदवारी दिएका मियाँले १९ हजार ४ सय ३९ मत ल्याए भने श्रेष्ठले २९ हजार ५ सय ५ मत ल्याएर निर्वाचित भए ।

(रातोपाटीबाट)

# उद्योग, वाणिज्य क्षेत्रमा के के भए उपलब्धी ?

## प्रधानमन्त्रीका सय दिन



१. २०७९ पुस १८ र १९ गते दुई दिन नेपाल सरकारका सबै मन्त्रालय तथा केन्द्रीय स्तरका कार्यालयहरूका सचिव र विशिष्ट श्रेणीका पदाधिकारीहरूसँग आआफ्नो मन्त्रालय तथा निकायका प्रमुख कामहरू र सम्बोधन गर्नुपर्ने मुख्य सबालहरू बारेमा छलफल। सचिवहरूलाई दिएको निर्देशन र प्रतिनिधि सभालाई सम्बोधन गर्ने क्रममा व्यक्त विचारहरू तथा वर्तमान सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा समेटिएका विषयहरूलाई प्रभावकारी, परिणाममुखी र समयबद्धरूपमा कार्यान्वयनमा ल्याउन सम्बन्धित सरोकारवाला निकायको सहभागितामा एकीकृत कार्ययोजना तयार । एकीकृत कार्ययोजनाभित्र शासकीय सुधार, आर्थिक तथा पूर्वाधार, सामाजिक विकास र अन्तसम्बन्धित विषय समावेश।

(क) शासकीय सुधारका क्षेत्रमा संसदको अधिवेशनमा प्राथमिकताका साथ पेश गरिने २८ विधेयक, प्राथमिकताका साथ तर्जुमा गरिने १० नियमावली र नीति लगायत संरचनागत परिवर्तन र सुधारका लागि यातायात व्यवस्थापन प्राधिकरण लगायत विभिन्न आयोग, कार्यदल र समितिहरुको गठन र प्रभावकारी जनसेवाका क्षेत्रहरुको पहिचान र कार्ययोजना लगायत समाविष्ट छन् ।

(ख) आर्थिक तथा पूर्वाधार राजश्व चुहावट नियन्त्रण र संकलनमा वृद्धि, चालु खर्च कटौती, आर्थिक पुनर्संरचनाका लागि आवश्यक संरचनागत सुधार, उद्यमशीलता विकास, स्वदेशी उत्पादनको प्रवर्धन र रोजगारी सिर्जनाका लागि मेक इन नेपालको अवधारणा, ठूला आयोजनाहरुको नतिजामूलक सूचक तयार पारी कार्यतालिका बनाई अनुगमन गर्ने, खाद्य आवास तथा खानेपानीको क्षेत्रका पूर्वाधार, उर्जा विकास, सार्वजनिक यातायात, सार्वजनिक यातायात र सडक पूर्वाधार, सुकुम्बासी समस्या समाधानको दीर्घकालीन कार्ययोजना लगायतका विषय समाविष्ट छन् ।

(ग) सामाजिक विकासको क्षेत्रअन्तर्गत गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधारको विकास, स्वस्थ नेपाली निरोगी नेपालको अवधारणा, मर्यादित श्रम र सामाजिक संरक्षण सम्बन्धि विषय समावेश छन् ।

२. जनताको विकास र समृद्धिका सपनालाई पूरा गर्ने, मुलूकमा विकास निर्माणका कामलाई गति दिने, अर्थतन्त्रलाई सङ्कटमुक्त बनाई आर्थिक क्रियाकलापहरूलाई पुनः चलायमान र तीव्र बनाउने, वैदेशिक मुद्रा सञ्चिति, मौद्रिक तरलता र कर्जाको स्थितिमा सुधार गरी निजी क्षेत्रको मनोबल उच्च बनाउने, सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त र नागरिक मैत्री बनाउने, भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्ने तथा राज्यको सबै तह र संरचनामा सुशासन, सदाचार र जवाफदेहिता कायम गर्ने कुरालाई सरकारले जोड दिँदै आएको छ।

३. अर्थतन्त्र सुधारको प्रयास अन्तर्गत विभिन्न पहल लिइएको छ । विश्व अर्थतन्त्रमा देखा परेका नकारात्मक प्रवृत्ति र कतिपय आन्तरिक कारणबाट सिर्जित चुनौतीको कारण अर्थतन्त्रमा देखापरेका समस्या समाधान गर्न प्रयास गरिएको छ । निजी क्षेत्रको व्यवसायिक आत्मविश्वास जगाउन एवम् सरकार र निजी क्षेत्रबीचको सम्बन्ध सुदृढ बनाउन प्रयास केन्द्रित गरिएको छ । नेपाल राष्ट्र बैंकसँग समन्वय गरी बैंक तथा वित्तीय क्षेत्र सम्बन्धमा निजी क्षेत्रका गुनासा सम्बोधन गर्ने प्रयास गरिएको (चालु पूँजी कर्जा सम्बन्धी मार्गदर्शन संशोधन, मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा) छ।

लघुवित्तमा देखिएको समस्या समाधान गर्न समन्वयात्मक बैठकको आयोजना गरिएको छ। लघुवित्त वित्तीय संस्थाहरुले लिएको अतिरिक्त सेवा शुल्क बापतको रकम १ अर्ब ६० करोड रुपैयाँ फिर्ता गर्ने, लघुवित्तहरुले वार्षिक १.५ प्रतिशत भन्दा बढी सेवा शुल्क लिन नपाउने, एउटा ग्राहकले एउटाभन्दा बढी लघुवित्त संस्थाबाट ऋण लिन नपाउने व्यवस्था मिलाइएको छ । आर्थिक एवम् बैंकिङ क्षेत्रका समसामयिक विषयमा छलफल गरी समस्या समाधान गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितमा निजी क्षेत्र, लघु वित्त, नेपाल बैंकर्स संघ, नेपाल राष्ट्र बैंकसमेतकोसहभागितामा उच्चस्तरीय बैठक आयोजना गरिएको छ । यी सुधारका प्रयासको फलस्वरुप अर्थतन्त्रका बाह्य क्षेत्रका महत्वपूर्ण सूचकहरु जस्तैः सोधनान्तर स्थिति, चालु खाता, विप्रेषण आप्रवाह, विदेशी विनिमय सञ्चितिमा सुधार देखिएको छ।

४. बजेट कार्यान्वयन प्रभावकारी बनाउन विभिन्न पहल भएका छन् । बजेटको अर्धवार्षिक मूल्यांकन गरिएको छ । सरकारको वित्तीय सन्तुलन कायम गर्न प्रयास गरिएको छ। चालू आर्थिक वर्षमा भएको आर्थिक सहायता, श्रोत सहमति, अर्थ विविध शीर्षकबाट भएको निकासा र एक करोड रुपैयाँ भन्दा बढी एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा रकमान्तर भएको विवरण सार्वजनिक गरिएको छ।

५. राजस्व परिचालनमा प्रभावकारिता ल्याउन आवश्यक पहल लिइएको छ। राजस्व चुहावट नियन्त्रणका लागि बैठक, केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक आयोजना गर्नुका साथै स्थानीय राजस्व चुहावट नियन्त्रण संयन्त्रलाई परिचालन गरिएको छ । बजार अनुगमन र भन्सार गस्ती बढाइएको छ।

६. सुदृढ र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने सन्दर्भमा वित्तीय, मौद्रिक तथा अन्य विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरूको सामञ्ज्यस्यपूर्ण तरिकाले कार्यान्वयन गर्न आगामी दिनमा पनि सरकारले निरन्तर जोड दिनेछ । राजस्व प्रशासनलाई थप सुदृढ गरी चुस्त, दुरुस्त बनाउँदै लक्षितराजस्व हासिल गर्न सबै प्रयासहरू गरिनेछ । राजस्व चुहावटलाई कडाइका साथ नियन्त्रण गरिनेछ । सरकारी खर्चमा मितव्ययिता कायम गर्न अनावश्यक खर्च कटौती गरी तथा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको कमी हुन नदिने गरी बजेटको पुनर्विन्यासको कार्य सुरु गरिसकिएको छ। खर्च नियन्त्रणका लागि अत्यावश्यक काममा बाहेक मन्त्री र उच्च पदस्थ कर्मचारीहरूलाई विदेश भ्रमणमा रोक लगाइएको छ। पूँजी बजारमा रहेका समस्यालाई सम्बोधन गर्न यथोचित प्रयास गरिएको छ।

७. निजी क्षेत्रसँगको सहकार्यमा विद्यमान समस्याको समाधान गरी अर्थतन्त्रलाई थप गतिशील बनाउन सरकार प्रतिबद्ध छ । यस अवधिमा उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधि संस्थाहरूसँग निरन्तर संवादमा रही सरकारले ब्याजदर घटाउने लगायतका उपायहरू कार्यान्वयनमा लूयाउन तथा निजी(क्षेत्रमैत्री वातावरण निर्माण गर्न आवश्यक पहल गरेको छ । बढ्दो व्यापार घाटालाई नियन्त्रण गरी निकासी प्रवर्द्धन तथा आयात व्यवस्थापनका लागि नयाँ नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनमा लूयाइएको छ।

८. राहदानी, राष्ट्रिय परिचय पत्र र सवारी चालक अनुमति पत्र, नो अब्जेक्सन लेटर लगायतका सेवाहरू विगतमा भन्दा छिटो छरितो गरी तथा सहजताकासाथ सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ। राष्ट्रिय परिचय पत्र हाल १४ जिल्लाका १५ स्टेसनहरूबाट वितरण गर्ने कार्य सुरु भएको छ।

९. सार्वजनिक सेवा प्रवाह र सरकारका विभिन्न निकायहरूको कार्यसम्पादन सम्बन्धमा जनतामा रहेको गुनासो र पीरमर्काको उचित सम्बोधनका लागि हेलो सरकारलाई थप प्रभावकारी बनाइएको छ।

१०. मुलुकको अन्तरिक सुरक्षालाई सुदृढ गर्नेतर्फ थप प्रयास गरिएको छ । प्रेमप्रसाद आचार्यको आत्मदाहसम्बन्धी लगायतविभिन्न घटनाको छानबिन गरी सुझाव पेस गर्न गठित समितिका प्रतिवेदन प्राप्त भएका र सुझावहरु कार्यान्वयनको चरणमा रहेका छन।

११. मिटरब्याजी पीडितहरुको समस्या समाधानका लागि वर्तमान सरकारले विशेष पहल लिएको छ।

१२. निजामती प्रशासनको क्षमता अभिवृद्धि गरी समग्र सार्वजनिक प्रशासन संयन्त्रलाई थप चुस्त, छरितो र नतिजामुखी बनाउन सरकार प्रतिबद्ध छ। अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयहरूमा कतिपय सार्वजनिक बिदाका दिनहरूमा समेत कार्यालय खोल्ने गरी विक्रम संवत् २०८० सालमा दिइने सार्वजनिक विदा तथा कार्यालय समय निर्धारण गरिएको छ।

१३. निजामती प्रशासन, सुरक्षा निकाय लगायत सार्वजनिक प्रशासनलाई कम खर्चिलो, चुस्त, जवाफदेही र सक्षम बनाउन एवम् तीन तहका सरकारहरूबीचको सम्बन्धलाई संविधानको मर्मअनुरूप ठीक ढङ्गबाट अघि बढाउन र संघीयता कार्यान्वयनमा सहजीकरण गर्ने सम्बन्धमा सुझाव पेश गर्न सरकारले छिट्टै उच्चस्तरीय प्रशासन पुनः संरचना आयोग गठन गर्ने तयारी गरिरहेको छ।

१४. मन्त्रालयहरूले कार्यसम्पादन गर्दा विवाद आउन नदिने र स्वार्थ नबाझिने गरी काम गर्ने, सरकारको काम कारवाहीमा भ्रष्टाचार तथा अनियमितता हुन नदिने, जनताले देखिने र अनुभूति गर्न सक्ने गरी सबै मन्त्रालयहरूले आआफ्ना काम कारबाही अघि बढाउने र विकास निर्माण कार्यलाई तीव्रता दिन सबै गम्भीर भएर लाग्ने विषयमा मन्त्रिपरिषद्बाट निर्णय भई सबै निकायमा कार्यान्वयनका लागि पठाइएको छ।

१५. सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमा जोड दिँदै सरकारका सबै तहबाट सेवा प्रवाहमा सरलीकरण, विकास निर्माणमा तीव्रता, पारदर्शिता र जवाफदेहीपनको विकास गरी सङ्घीय शासन प्रणालीलाई प्रभावकारी बनाउन सरकार दृढ सङ्कल्पित छ।

१६. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट स्वीकृत गरिएको छ । विकास आयोजना तथा सार्वजनिक निर्माणमा अत्यावश्यक प्राकृतिक स्रोत साधन (ढुङ्गा, गिट्टी, बालुवा आदि) को आपूर्तिमा देखिएको समस्या समाधान गर्न तथा अनावश्यक दोहनलाई नियन्त्रण गरी दिगो र वातावरणमैत्री हुने गरी उत्खनन र विक्री वितरण गर्न सहयोग पुऱ्याउन ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०७९ कार्यान्वयनमा ल्याइएको छ।

१७. विकास आयोजनाको सञ्चालन तथा व्यवस्थापनलाई द्रुत गति दिन विकाससम्बन्धी छुट्टै ऐनको खाँचो महसुस गरी यसको विधेयक तयार गर्ने कार्य अघि बढाइएको छ।

१८. पूर्वाधारसँग सम्बन्धित आयोजनाहरूको कार्यान्वयनमा देखिएका ढिलासुस्ती लगायतका समस्याहरूको अन्त्य गर्न आयोजनाहरूको स्थलगत अनुगमन कार्यलाई तीव्रता दिइएको छ।

१९. ठेक्का लिएर काम पूरा नगर्ने, बीचमै काम छोड्ने तथा काममा विलम्ब गर्ने निर्माण व्यवसायीहरूलाई सचेत गराइएको छ । बारम्बार म्याद थप्दा पनि काम पूरा नगर्ने व्यवसायीलाई कालोसूचीमा राखिएको छ।

२०. पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधार निर्माणदेखि अन्तर्राष्ट्रिय बजारमा नेपालको प्रवर्द्धन गर्ने कार्य भएको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरू नियमित गर्ने सम्बन्धी कार्ययोजना बनाउनुका साथै भारतसँग द्विपक्षीय प्राविधिक छलफलका लागि कुटनीतिक प्रक्रिया अघि बढाइएको छ।

२१. औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत सुधारदेखि पूर्वाधार निर्माणसम्मका कार्यलाई सँगसँगै अघि बढाइएको छ । स्वदेशमै उत्पादनमूलक उद्योगधन्दाको विकास गरी आय र रोजगारी सिर्जना गर्ने कुरालाई प्राथमिकतामा राखी कार्य गरिएको छ।

२२. नेपाल व्यापार एकीकृत रणनीति र स्टार्टअप नीति, २०७९ स्वीकृतिको प्रक्रियामा रहेका छन्। औद्योगिक बौद्धिक सम्पत्ति कानून तर्जुमा प्रक्रिया अगाडि बढाइएको छ । विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ लाई संघीय संसदमा पेश गरिएको छ। व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृतिका प्रक्रियामा रहेको छ । सबै सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ थप परिमार्जनसहित कार्यान्वयनको चरणमा रहेको छ । वैदेशिक लगानीलाई थप आकर्षित गर्न विदेशी लगानीको सीमा पुनरावलोकन गरी २ करोड रुपैयाँ कायम गरिएको छ । गैरआवासीयनेपालीको लगानीमा स्थापना हुने लगानी कम्पनीमा लगानीको सीमा हटाइएको छ।

२३. व्यावसायिक वातावरण निर्माण र ऊर्जा खपत सम्बन्धी कार्ययोजना निर्माण गरी स्वीकृतिको चरणमा रहेको छ ।

२४. सामाजिक सुरक्षाको दायरा विस्तृत गर्न २०७९ चैत्र ८ गते सम्मानीय प्रधानमन्त्रीबाट वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम शुभारम्भ भई हालसम्म १५ हजार भन्दा बढीको सूचीकरण भएको छ।

२५. वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन श्रम गन्तव्य मुलुकहरूसँग वार्ता, सम्झौता गर्ने तथा वैदेशिक रोजगारीमा जानेहरूको अनुगमन, नियमन गर्ने लगायतका कार्यहरूलाई गति दिइएको छ।

२६. वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका २ सय ८३ जना मृतक कामदारका परिवारलाई आर्थिक सहायताबापत रकम १ करोड ९८ लाख १० हजार रुपैयाँ, अंगभंग बिरामी भएका ९५ जना कामदारलाई आर्थिक सहायता ३ करोड १० लाख १८ हजार रुपैयाँ, वैदेशिक रोजगारीमा गई विचल्लीमा परेका ८९ व्यक्तिहरुको सम्बन्धित नियोगसँगको समन्वयमा उद्धार गरिएको छ । वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिका १ हजार ५ सय ४४ सन्ततिहरुलाई १ करोड ४५ लाख २४ हजार रुपैयाँ बराबरको छात्रवृत्ति सहायता उपलब्ध गराइएको छ।

२७. वैदेशिक रोजगारीको क्रममा विभिन्न मुलुकमा रहेका नेपाली श्रमिकहरुले भोग्नु परिरहेका समस्या समाधानलाई उच्च प्राथमिकता दिँदै विदेशमा रोजगारी गुमाएका, बन्दी बनाइएका एवम् स्वास्थ्य समस्या झेलिरहेका एकसय भन्दा बढी नागरिकलाई उद्धार गरी स्वदेश फर्काइएको छ।

२८. ऊर्जा र सिचाइँ क्षेत्रको विकासलाई प्राथमिकतासाथ अघि बढाइएको छ । मुलुकमा हालसम्म जडित विद्युत क्षमता २ हजार ६ सय ५ मेगावाट पुगी करिब ९४ प्रतिशत जनतामा विद्युतको पहुँच पुगेको छ।

२९. कृषि क्षेत्रको विकासका लागि विभिन्न नीतिगत व्यवस्थाहरू गरिएको छ । कृषकहरूलाई समयमै पर्याप्त मात्रामा मलखादको आपूर्ति सुनिश्चित गर्न एवम् उन्नत बीउबिजन उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइएको छ। भारत सरकारसँग खरिद गरिएको ३० हजार मेट्रिक टन रासायनिक मलसहित १ लाख १५ हजार मेट्रिक टन मल आयात भइ करिव ५७ हजार मेट्रिक टन अनुदानमा बिक्री वितरण गरिएको छ

३०. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रस्तावअनुरुप मिति २०७९ फागुन २५ गते बसेको मन्त्रिपरिषद् बैठकबाट खाद्य पदार्थमा जीवनाशक विषादीको अवशेषको अधिकतम सीमा निर्धारण गर्ने विषय थप छलफलका लागि सम्बन्धित समितिमा पठाउने निर्णय भई प्रस्ताव समितिमा छलफलको क्रममा रहेको छ।

३१. सरकारी काम कारवाहीलाई सूचना प्रविधिमैत्री बनाउन विभिन्न कार्यहरू अघि बढाइएको छ। अनलाइन माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी कार्यालयहरूबीच अन्तरआबद्धता कायम गर्न पहल सुरु भएको छ।

३२. आगामी शैक्षिक सत्र सुरु हुनुअगावै विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने कुरालाई सरकारले उच्च प्राथमिकतामा राखेको छ । यस क्रममा शैक्षिक सत्र २०८० को हकमा कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तकहरू निजी मुद्रकहरूबाट समेत र कक्षा ६ देखि १२ सम्मका पाठ्यपुस्तकहरू जनक शिक्षा सामग्री केन्द्रबाट छपाइ गरी निर्धारित समयभित्रै वितरण गर्ने व्यवस्था मिलाइएको छ।

३३. कैलालीको गेटामा रहेको प्रस्तावित गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको रूपमा स्थापना तथा सञ्चालन गर्ने निर्णय भएकामा सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक तर्जुमा सम्बन्धमा समिति गठन भई विधेयक तर्जुमाको कार्य भइरहेको छ।

३४. खेलकुद क्षेत्रको विकासका लागि विभिन्न खेलकुद प्रतियोगिताको आयोजना तथा अन्तर्राष्ट्रियस्तरमा भएका विभिन्न प्रतिस्पर्धाहरूमा भाग लिने र विजयी खेलाडीलाई प्रोत्साहित र पुरस्कृत गर्ने कार्य भएको छ।

३५. छिमेकी मुलुक भारत लगायत सबै मित्रराष्ट्रहरूसँग पारस्परिक समानताको आधारमा असल र मैत्रीपूर्ण सम्बन्ध कायम गर्न जोड दिइएको छ । राष्ट्रिय हितलाई उच्च प्राथमिकता दिई सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिएको छ । कतारको दोहामा सम्पन्न अति कम विकसित मुलुकहरूसम्बन्धी पाँचौ संयुक्त राष्ट्रसंघीय सम्मेलनमा सहभागी भई नेपालको धारणा प्रस्तुत गरिएको छ । नेपाल र जनवादी गणतन्त्र चीनबीचको रसुवा-केरूङ नाका द्विपक्षीय व्यापारका लागि खुला गरिएको छ । हिल्सा-पुराङ नाका पनि एकतर्फी व्यापारका लागि खुला भएको छ।

३६. शान्ति प्रक्रियाका बाँकी काम र सङ्क्रमणकालीन न्यायलाई चाँडै टुङ्ग्याउने विषयलाई सरकारले उच्च प्राथमिकतामा राखी काम गरेको छ।

३७. विकास निर्माण तथा सामाजिक क्षेत्रको विकासका लागि आवश्यक वैदेशिक सहायता परिचालन गर्दा राष्ट्रिय प्राथमिकता, आवश्यकता र औचित्यको आधारमा लिने र सहायता परिचालन राष्ट्रिय प्रणालीबाट गर्ने पद्धति बसालिएको छ । विश्व बैङ्कबाट विद्यालय क्षेत्र रूपान्तरणको लागि १ सय २० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्न सैद्धान्तिक सहमति दिइएको छ।

नेपाल स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका लागि बेलायत सरकारबाट करिब १४ अर्ब ३१ करोड रुपैयाँ अनुदान सहायता उपलब्ध हुनेछ। नेपाल गुणस्तरीय स्वास्थ्य सेवा प्रणाली कार्यक्रमको लागि विश्व बैङ्कबाट १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा ३.८४ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्न सैद्धान्तिक स्वीकृति दिइएको




मिस फिलिपिन्स २०२३ का प्रतियोगीहरु पासय सहरमा भएको मिडिया ब्रिफिङमा पोज दिँदै । *तस्बिरः सिन्हवा*

# दैनिक पाँच लाख ब्यारेल तेल उत्पादन कटौती

साउदी अरब । साउदी अरबको ऊर्जा मन्त्रालयले मे देखि सन् २०२३ को अन्त्यसम्म दैनिक पाँच लाख ब्यारेल तेल उत्पादन कटौती गर्ने घोषणा गरेको छ।

पेट्रोलियम निर्यातक राष्ट्रहरूको सङ्गठन (ओपेक) का केही अन्य देशहरू र सहयोगको घोषणापत्रमा ओपेक सहभागी नभएका देशहरूको समन्वयमा उत्पादन कटौती गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

स्वैच्छिक कटौती ३३ औं ओपेक र गैर-ओपेक मन्त्रीस्तरीय बैठकमा सहमति भएको उत्पादनमा अतिरिक्त कटौती हो। मन्त्रालयले यो निर्णय विश्वव्यापी तेल बजारको स्थिरतालाई समर्थन गर्ने उद्देश्यले सावधानीको उपाय भएको जनाएको छ। सेप्टेम्बर २०१८ को एक प्रतिवेदन अनुसार विश्वको तेल उत्पादनको ४४ प्रतिशत र ८१.५ प्रतिशत प्रमाणित तेल खानी भएकाले विश्वको तेल बजारको मूल्यमा ओपेकको ठूलो प्रभाव रहेको छ।

# बेरोजगारी र गरिबीले पलायन रोज्दै युवा

काबुल । तालिबानको शासनकालमा अफगानिस्तानमा गरिबी र बेरोजगारीको उच्च दरका कारण त्यहाँका बासिनदा रोजगारी खोज्न देश छोडेर विदेश जान बाध्य हुने गरेका टोलोन्यूजले जनाएको छ।

त्यहाँका नागरिकले आफ्नो परिवारको पेट पाल्न गैरकानुनी रूपमा रोजगारीका लागि विदेश पलायन हुन बाध्य भएको बताएका छन्।

सन २०२१ को अगष्टमा तालिबानले अफगानिस्तानमाथि कब्जा जमाएपछि देशमा मानवीय सङ्कट धेरै गुणा बढेको छ । तालिवानको कडा प्रतिबन्धका कारण मानिस बाँच्न देश छोडेर विदेशिनु परेको हो । हेरातका बासिनदा अब्दुल खालिकले देशको दयनीय अवस्था र आर्थिक मन्दीप्रति दुःख व्यक्त गर्दै भने, 'मलाई अफगानी सौर्य वर्ष १३९१ देखि अहिलेसम्म १६ पटक निर्वासित गरिएको छ । हामी कमजोर छौँ र समस्यासँग जुधिरहेका छौँ र हामीलाई बाहिर जान बाध्य पारिएको छ।'

टोलोन्यूजका अनुसार बाघलान निवासी नादिर आफ्नो पाँच जनाको परिवारका साथ अवैध रूपमा सीमा पार गरेर इरान जान खोजिरहेका छन्। नादिरले भने, 'यदि अफगानिस्तानमा रोटीको टुक्रा पाउन सकिन्थ्यो भने हामी किन अन्य देशमा जान्थ्यौं, हामी किन आफूलाई विस्थापित गरेर यो कठिन र खतरनाक बाटोमा जान्छौं ?'

नादिरका छोरा ताहिरले भने, 'मेरी आमा अपाङ्ग भइसक्नुभएको छ र मैले उहाँको उपचारको लागि केही पैसा कमाउन विद्यालय जान छोडेको छु।' तालिवानका शरणार्थी तथा स्वदेश फिर्ती मन्त्री खलील रहमान हक्कानीले मानव तस्करले अफगान गरिब जनतालाई देश छोड्न उक्साउने गरेको दाबी गरेका छन्।

तालिवान नेतृत्वको सरकारले अफगानिस्तानमा सत्ता आफ्नो नियन्त्रणमा लिएपछि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूले यस समूहको दमनको नीतिको आलोचना गर्दै आएका छन् । यसले गरिबी, बेरोजगारी र अतिवादलाई बढावा दिने, आतङ्कवादीहरूलाई प्रश्रय दिने र विश्व शान्ति र सुरक्षालाई खतरामा पार्ने उनीहरूले बताए।

# फिनल्याण्डका प्रधानमन्त्री पदच्युत

हेलसिन्की । फिनल्याण्डको प्रमुख कन्जरभेटिभ पार्टीले आइतबार भएको संसदीय निर्वाचनमा पहिलो स्थान प्राप्त गर्न सफल भएको छ। निर्वाचनमा दक्षिणपन्थी पपुलिस्ट पार्टी दोस्रो बनेको छ भने प्रधानमन्त्री सन्ना मारिनको सोसल डेमोक्र्याटिक पार्टीलाई तेस्रो स्थानमा राखेको छ।



मतगणनाको अन्तिम परिणामले मध्यदक्षिणपन्थी राष्ट्रिय गठबन्धन पार्टी (एनसिपी) लाई २०.८ प्रतिशत मतसहित पहिलो दल भएको देखाएको छ भने द फिन्सले २०.१ प्रतिशत मत प्राप्त गरेको छ । त्यस्तै सोसल डेमोक्र्याटले १९.९ प्रतिशत मत प्राप्त गरेको छ।

शीर्ष तीन दलले करिब २० प्रतिशत मत प्राप्त गरेकाले कुनै पनि दल एक्लैले सरकार बनाउन सक्ने अवस्था देखिएको छैन । नर्डिक देश (फिनल्याण्ड) को संसद्मा २ सय सिटका लागि २२ दलका दुई हजार ४ सय भन्दा बढी उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए।

'यो नतिजाका आधारमा फिनल्यान्डमा नयाँ सरकार गठनका लागि राष्ट्रिय गठबन्धन गर्न पार्टीको नेतृत्वमा वार्ता सुरु गरिनेछ,' कन्जरभेटिभ पार्टीका उत्साही नेता पेटेरी ओर्पोले भने । सैंतीस वर्षको उमेरमा युरोपकी सबैभन्दा कान्छी नेतृ बन्न सफल मारिनले युक्रेनको समर्थन र नेटोमा सामेल हुन फिनल्यान्डको सफल आवेदनको पक्षमा वकालत गर्ने राष्ट्रपति सौली निनिस्तोसँग उनको प्रमुख भूमिकाको लागि अन्तर्राष्ट्रिय प्रशंसा प्राप्त गरेकी छिन्।

फिनल्याण्डका पूर्व अर्थमन्त्री तथा सम्भावित नयाँ प्रधानमन्त्री ५३ वर्षीय ओर्पोले आफ्नो आगामी कार्यकालमा कीभसँग नर्डिक देशको ऐक्यबद्धता बलियो रहने विश्वास दिलाए । ओर्पोले भने, 'पहिले युक्रेनबारे हामी युक्रेनी जनताको साथमा छौं।'

उनले थपे, 'हामी यो भयानक युद्ध स्वीकार्न सक्दैनौं । हामी युक्रेन, युक्रेनी जनता मद्दत गर्न आवश्यक सबै काम गर्नेछौं किनभने तिनीहरूले हाम्रो लागि पनि लडेका छन्। यो स्पष्ट छ।'

'रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई सङ्केत गर्दै उनले भने, 'युक्रेनबाट रूस तत्काल फिर्ता हुनुको कुनै विकल्प छैन किनभने मस्कोको युक्रेनी जनतासँग हार हुनेछ।'

रूससँग लामो सीमा जोडिएको फिनल्यान्डले यसै साताको सुरुमा नेटो सदस्य बन्ने अन्तिम अड्चन फुकाएको थियो भने गठबन्धनका सदस्य टर्की र हङ्गेरीले देशको सदस्यता लिने प्रयासमा हस्ताक्षर गरेका थिए।

फिनल्यान्डको संसद एडुसकुन्टामा एनसीपीले ४८ सिट जितेको छ भने आप्रवासन र युरोपेली सङ्घविरोधी एजेन्डामा चलेको राष्ट्रवादी पार्टी फिन्सले क्रमशः ४६ सिट र मरिनको सोसल डेमोक्र्याट्सले ४३ सिट पाएका छन् । पर्यवेक्षकहरूका अनुसार यो परिणामले फिनल्यान्डको राजनीतिक परिदृश्यमा शक्ति परिवर्तन को अर्थ राख्छ किनकि राष्ट्रले अब राष्ट्रवादी स्वरको साथ नयाँ केन्द्र-दक्षिणपन्थी सरकार पाउने सम्भावना छ।

सरकारले सन् २०१९ देखि देश तथा विदेशमा निकै लोकप्रिय प्रधानमन्त्री मारिनलाई मध्य वामपन्थी मन्त्रीमण्डलबाट प्रतिस्थापन गर्ने भएको छ। संसद्मा बहुमत प्राप्त मन्त्रिमण्डल गठन गर्ने लक्ष्यका साथ आगामी दिनमा एनसीपीको नेतृत्वमा सरकार गठनका लागि वार्ता शुरु हुने अपेक्षा गरिएको छ।

# आँधीका कारण मृत्यु हुनेको सङ्ख्या ३२ पुग्यो

वासिङ्टन । अमेरिकी दक्षिण र मध्यपश्चिम क्षेत्रमा आएको विनाशकारी आँधीबेहरीका कारण मृत्यु हुनेको सङ्ख्या ३२ पुगेको छ। दक्षिणी मैदानी क्षेत्रका केही भागमा व्यापक आँधी आउन सक्ने सम्भावना रहेको सिएनएनले जनाएको छ । गत शुक्रबार अमेरिकी भूमिमा अवतरण भएको यो आँधीले सयौं घर र व्यवसायहरूलाई आंशिक तथा पूर्णरूपमा ध्वस्त पारेको थियो।

अर्कान्सासका मेयर जेनिफर हब्सका अनुसार, अर्कान्सासको वेनमा चार जनाको मृत्यु भएको छ । आँधीले शहरको पश्चिमी सीमाबाट यसको पूर्वीसम्म विनाशको रेखा छोडेको थियो । उनले भने, 'हामीलाई यी परिवारहरूलाई पुनः प्राप्त गर्न मद्दत गर्न सक्ने सबै सहयोगको आवश्यकता छ ।' अर्कान्सास, इन्डियाना र टेनेसीराज्यमा मृत्यु हुनेको संख्या आइतबार १५ पुगेको अधिकारीहरूले बताएका छन्।

मेम्फिस प्रहरी विभागले एक विज्ञप्ति जारी गर्दै दुई बालबालिका र एक वयस्कको मृत्यु भएको जनाएको छ । अर्कान्सासका गभर्नरले नर्थ लिटिल रकमा आँधीका कारण एक जनाको र वाइनमा दुई जनाको मृत्यु भएको जानकारीपछि बताएपछि शुक्रबार दिउँसो आपतकालीन अवस्थाको घोषणा गरेका थिए।

सिएनएनका अनुसार खराब मौसमका कारण मिसौरीमा पनि आपतकालीन अवस्था घोषणा गरिएको छ। उत्तरी इलिनोइसमा शुक्रबार राति बेल्भिडेरेस्थित एक नाट्यशालाको छाना भत्किँदा एक जनाको मृत्यु हुनुका साथै अन्य २८ जनालाई अस्पतालमा भर्ना गरिएको न्यूयोर्क टाइम्सले जनाएको छ । इन्डियाना स्टेट पुलिसका सार्जेन्ट म्याट एम्सका अनुसार इडियानाको सुलिभान कन्ट्रीमा शेरमेनबाट लगभग १ सय ५० माइल पूर्वमा रहेको आँधीका कारण तीन जनाको मृत्यु भएको छ । नेशनल वेदर सर्भिसले अर्कान्सास, इलिनोइस, इन्डियाना र टेनेसीका अतिरिक्त विस्कन्सिन, आयोवा र मिसिसिपीमा पनि आँधीको रिपोर्ट दिएको थियो । राष्ट्रिय मौसम सेवाका अनुसार आँधीको प्रणाली शनिबार बिहानै पूर्वतिर सर्दै गर्दा अलाबामा र जर्जियाका केही भागमा चक्रवातको चेतावनी जारी गरिएको छ । रातारात आएको चक्रवातले मिसिसिपीको रोलिङ फोर्कको अधिकांश भागलाई जलमग्न बनाएको छ । जहाँ अनुमानित अधिकतम १ सय ७० माइल प्रतिघण्टाको दरमा आँधी आएको थियो । अमेरिकी राष्ट्रपति बाइडनले गत हप्ता आएको आँधीका कारण सबैभन्दा बढी प्रभावित मिसिसिपी समुदायको रोलिङ फोर्कको भ्रमण गर्नुभएको छ । आँधीले रोलिङ फोर्क र आसपासका शाकी काउन्टीमा १३ जनाको ज्यान लिनुका साथै दर्जनौं घर तथा व्यवसायलाई आँशिक वा पूर्णरूपमा क्षति पुच्याएको छ।

# गण्डकी प्रदेश ट्रायथोलन संघ गठन

पोखरा । राष्ट्रिय खेलकुद परिषद्मा खेल सङ्घका रुपमा रहेको नेपाल ट्रायथोलन सङ्घले प्रादेशिक तहमा सङ्घलाई विस्तार गरेको छ।

ट्रायथोलन खेलको प्रचुर सम्भावना रहेको गण्डकी प्रदेशमा खेलको विकास, विस्तार र देशका लागि आवश्यक राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादनको लक्ष्यसहित पहिलो पटक नेपाल ट्रायथोलन सङ्घ गण्डकी प्रदेश समिति गठन गरिएको हो। जिल्ला खेलकुद विकास समिति कास्कीका पूर्वअध्यक्ष समुन देवकोटाको अध्यक्षतामा गठन गरिएको समितिको उपाध्यक्षमा डिल्लीराज सुवेदी, सचिव विरेन शेरचन, सहसचिव अनिता रानाभाट र कोषाध्यक्षमा डिमबहादुर(देवेन्द्र) केसी चयन भएका छन्।

यसैगरी समितिको सदस्यमा कृष्ण दवाडी, प्रमिश ताम्राकार, धनन्जय वाग्ले, सविना महर्जन र उज्वल शर्मा रहेका छन् । नवगठित समितिका अध्यक्ष देवकोटाले गण्डकीमा ट्रायथोलन खेलको विकास, विस्तार र नयाँ खेलाडी उत्पादनसहित प्राविधिक जनशक्ति उत्पादन गर्ने प्रतिबद्धता जनाए।



उनले भने, 'पोखरामा हरेक वर्ष ट्रायथोलनको अन्तर्राष्ट्रिय प्रतियोगिता हुने गर्दछ तर प्राविधिक जनशक्ति, साधनन स्रोत सबै केन्द्रबाट ल्याउनुपर्ने अवस्था छ। अब पोखरामै हरेक कुराले सम्पन्न हुने गरी काम गर्नेछौँ । खेलको विस्तारमा लाग्नेछौँ ।' नेपाल ट्रायथोलन सङ्घका केन्द्रीय अध्यक्ष एवम् नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले देशको सङ्घीय संरचना र पछिल्लो पटक जारी गरिएको खेलकुद विकास ऐनअनुसार गठन गरिएको पहिलो प्रादेशिक समितिले आफ्नो काम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने विश्वास व्यक्त गरे।

सुन्दर तालतलैया र खेलका लागि आवश्यक पूर्वाधारका कारण पोखरा ट्रायथोलन खेलको हब बन्न सक्ने प्रचुर सम्भावना रहेको उनले औँल्याए । भने, 'ट्रायथोलन विदेशमा समुद्रमा खेलिने गरिन्छ तर नेपालमा समुद्र नभए पनि फेवाताल, बेगनासजस्ता तालहरू भएकै कारण यहाँ प्रकृतिले समेत साथ दिएको छ। पोखरा ट्रायथोलनको अन्तर्राष्ट्रिय गन्तव्य बन्न सक्ने धेरै सम्भावना देखिसकेका छन्।'

सङ्घले पोखरामा बर्सेनि एसिया ट्रायथोलन कप र साउथ एसियन ट्रायथोलन च्याम्पियनसिप आयोजना गर्दै आएको छ। आगामी दिनमा यसको व्यवस्थापनका लागि गण्डकी सङ्घसक्षम हुने विश्वास व्यक्त गर्दै श्रेष्ठले केन्द्रबाट आवश्यक सम्पूर्ण सहयोग उपलब्ध गराउने विश्वास व्यक्त गरे।

नेपाल ट्रायथोलन सङ्घका केन्द्रीय उपाध्यक्ष एवम् गण्डकी प्रदेशका निवर्तमान प्रदेशसभा सदस्य दीपक कोइरालाले ओलम्पिक खेलका रुपमा रहेको ट्रायथोलनको खेल विकासका लागि नियमित प्रतियोगिताको आवश्यकता औँल्याए। प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष ध्वजकुमार गुरुङले नवगठित समितिलाई बधाई तथा शुभकामना व्यक्त गरे । जिल्ला खेलकुदमा सुमन देवकोटाले नेतृत्व लिँदा खेल क्षेत्रले कोल्टे फेरेको स्मरण गर्दै गण्डकी प्रदेशमा ट्रायथोलन खेल विस्तारमा नवगठित समिति सक्षम हुने भनाइ राखे।

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले पोखरा ट्रायथोलनका लागि देशकै हब बन्न सक्ने बताए। नवनिर्वाचित सङ्घलाई जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यालय प्रमुख डिबी नेपाली, गण्डकी प्रदेश भलिबल सङ्घका कार्यबाहक अध्यक्ष हरिकुमार श्रेष्ठलगायतले शुभकामना व्यक्त गरेका थिए।

नेपाल ट्रायथोलन सङ्घले पोखरामा बर्सेनि एसिया ट्रायथोलन कप र साउथ एसियन ट्रायथोलन च्याम्पियनसिप आयोजना गर्दै आएको छ। यही चैत १८ र १९ गते यी दुवै प्रतियोगिताको तेस्रो संस्करण यहाँ सम्पन्न भए। सन् २०१९ मा सुरु भएको ट्रायथोलन एसिया कप सन् २०२० र २०२१ मा विश्वभर फैलिएको कोभिड महामारीका कारण हुन सकेन। सन् २०२२ देखि पुनः यसलाई निरन्तरता दिइएको छ।

प्रतियोगिताले पोखराको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ। प्रतियोगितामा बर्सेनि विदेशी खेलाडीको सहभागिता बढ्दै जाँदा यसले खेल पर्यटनमा सहयोग गरेको खेलकुदकर्मीको भनाइ छ।

# श्रीलङ्कामा पर्यटक आवागमनमा वृद्धि

कोलम्बो। श्रीलङ्काले सन् २०२३ मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित यस पहिलेको प्रक्षेपणलाई संशोधन गरेको छ।

श्रीलङ्का पर्यटन विकास प्राधिकरण (एसएलटीडीए) का अध्यक्ष प्रियन्था फर्नान्डोले सन् २०२३ को पहिलो त्रैमासिकमा पर्यटन क्षेत्रमा देखिएको सकारात्मक प्रवृत्तिका कारण एसएलटीडीएले अनुमानमा संशोधन गरेको बताए।

फर्नान्डोले सन् २०२३ को मार्चका लागि श्रीलङ्काले आफ्नो लक्ष्य पार गरिसकेको र महिनाको पहिलो २८ दिनमा एक लाख १२ हजारभन्दा बढी पर्यटक भित्रिएको बताउनुभयो।

सन् २०१९ पछि पहिलो पटक श्रीलङ्काले लगातार तीन महिनादेखि एक लाखभन्दा बढी पर्यटकलाई स्वागत गरेको जानकारी उनले दिए। श्रीलङ्काले यस वर्ष हालसम्म तीन लाख २३ हजार भन्दा बढी पर्यटकलाई स्वागत गरेको छ। चीनमा बढ्दो उडान र प्रवर्द्धनात्मक प्रयासका कारण चिनियाँ पर्यटकमा वृद्धि हुने अपेक्षा गरिएको र इजरायलबाट सिधा उडान थप्ने बारे पनि विचार भइरहेको उनले बताए।

पर्यटनबाट विदेशी मुद्रा आर्जन गर्ने प्रमुख मुलुकमध्येको एक मानिने टापू राष्ट्रको पर्यटन क्षेत्र कोभिड-१९ को महामारी र आर्थिक तथा राजनीतिक सङ्कटका कारण धरासायी भएको थियो।

# नक्कली परीक्षार्थी, सक्कली विज्ञप्ति, पक्राउ गर्न ज्ञापन पत्र



आरके श्रीवास्तव
गरुडा, १० चैत।

आइतबार भएको एसइइको परीक्षामा अर्कैका नाममा परीक्षा दिने नक्कली परिक्षार्थी पक्राउ परेको खबरमा आफ्नो नाम जोडिएर आएकामा देवाहीगोनाहीका नगर प्रमुख प्रेमलाल साहले आपत्ति जनाएका छन् । मौलापुर नगरपालिका वडा नम्बर ५ स्थित लक्ष्मीनिया माध्यमिक विद्यालयमा भएको एसइइको दोस्रो दिनको परीक्षामा उनका नाममा नक्कली परिक्षार्थी पक्राउ परेका थिए।

नगर प्रमुख साहले विज्ञप्ति जारी गर्दै 'नक्कली परिक्षार्थी र आफ्नो नाम जोडेर आएको खबरमा ध्यानकर्षण भएको बताए।

उनले भने, 'शैक्षिक योग्यताको प्रमाण पत्र आवश्यक नै नभएकामा माध्यमिक शिक्षा परीक्षाका लागि फारम नभरेको, परीक्षा फारममा सहीछाप नगरेको र केही व्यक्तिले प्रपञ्च गरी चरित्र हत्या गरेको पाइएको छ।' उनले झुठा मुद्दामा फसाइ पदच्युत गराउने षडयन्त्र भइरहेको र अवाञ्छित एवम अपत्यारिलो क्रियाकलापमा संलग्नता नरहेको विज्ञप्तिमा भनेका छन्।

यता, नगर प्रमुख साहले पदीय मयार्दा विपरीत कार्य गरेकाले तत्काल पक्राउ गरी कारबाही गर्न युवा समूहले प्रशासनमा ज्ञापनपत्र बुझाएको छ।

युवानेता रूपेश पटेलको नेतृत्वमा युवाको समूहले जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रलाई ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा भनिएको छ, 'एसइइ परीक्षा सञ्चालन भइरहँदा मौलापुरस्थित लक्ष्मीनिया मावि मौलापुर परीक्षा केन्द्रमा सिम्बोल नम्बर ३५०३७२८ का परीक्षार्थी देवाही गोनाहीका नगर प्रमुख प्रेमलाल साह कानु रहेका तर परीक्षार्थीका सट्टा रेडियो नेपालका कर्मचारी गरुडा-६ पोठियाहीका नक्कली परिक्षार्थी कमल साहले परीक्षा दिइरहेको अवस्थामा पक्राउ परेकाले दुवै दोषी देखिएकाले कानुनी दायरामा ल्याउनु अनुरोध गर्दछौं ।' उनीहरुले नगर प्रमुखलाई पदीय मर्यादा दुरुपयोग आरोपमा पक्राउ गर्न पनि माग गरेका छन्।

# मौलापुर विद्युतमा नयाँ हाकिम



मधेशदृष्टि
गरूडा, २० चैत।

रौतहटको मौलापुर नगरपालिकास्थित नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रमा नयाँ कार्यालय प्रमुख दिनेश कुमार यादव हाजिर भएका छन् । सोमबार यादवले कार्यभार सम्हाले।

यसअघिका कार्यालय प्रमुख अरूण कुमार साहको नेपाल विद्युत् प्राधिकरण कञ्चनपुर वितरण केन्द्रमा सरूवा भएपछि उनका ठाउँमा नयाँ कार्यालय प्रमुखको रूपमा यादव आएका हुन्।

यादव डडेलधुरा शाखामा कार्यरत थिए। यादवले वितरण केन्द्रको चौथो कार्यालय प्रमुखका रूपमा कार्यभार सम्हालेका हुन्।

कार्यभार सम्हालेपछि प्रतिक्रिया दिदै यादवले भने, 'वितरण केन्द्रमा हुने गरेको विद्युत चुहावट नियन्त्रण गर्ने पहिलो प्राथमिकता रहने छ ।' मौलापुर वितरण केन्द्र अन्तर्गत ३९ प्रतिशत विद्युत चुहावट छ।

# सात बालबालिकाको उद्धार

मधेशदृष्टि
वीरगंज, २० चैत।

नयाँ दिल्ली रेल्वे स्टेसनबाट सात नेपाली बालबालिकाको उद्धार भएको छ।

एक हप्ता लामो विशेष उद्धार अभियानबाट सात नेपाली बालबालिकाको उद्धार भएको हो। बाल कल्याण समितिसहित सलाम बालक, प्रयास संस्था, साथी संस्था, चाइल्ड लाइन १० ९८, रेल्वे अथोरिटी, आरपिएफ र जिआरपीको संयुक्त पहलमा मार्च २७ देखि अप्रिल २ तारिकसम्ममा गरिएको संयुक्त उद्धार अभियानमा नेपाल, बङ्गलादेश र भारतका विभिन्न राज्यबाट दिल्ली पुगेका चार सय बालबालिकाको उद्धार गरिएको उद्धारकर्मीहरूले बताएका छन्।

नयाँ दिल्ली रेल्वे स्टेशनका विभिन्न प्लेटफर्म, रेल्वे स्टेसनका प्रवेश र निकासद्वारमा खटिएका उद्धारकर्मीले बालबालिकाको उद्धार गरेका हुन् । दिल्ली सरकारअन्तर्गत बाल कल्याण समितिका अध्यक्ष वरुण पाठकले सात दिनसम्म चौबीसै घण्टा चलाइएको अभियानमा सात नेपाली बालबालिकाको उद्धार गरिएको बताए।

उनले दिल्ली र अन्य राज्यमा निरन्तररूपमा नेपाली बालबालिकालाई विभिन्न प्रलोभनमा दिल्ली पुऱ्याइने गरेको भन्दै आफूहरूले उद्धार गरेका बालबालिकालाई किन इन्डिया संस्था र नेपाली राजदुतावासको समन्वयमा नेपाल पठाउने काम गरिरहेको पनि बताए । उनले नेपालको तराई क्षेत्र विशेषगरी रौतहटका बालबालिका धेरै दिल्ली पुग्ने गरेको बताए। घरको आर्थिक अवस्था कमजोर रहेकाले ठूला सहर घुम्ने रहर र प्रलोभनमा परेर बालबालिका दिल्ली पुग्ने गरेको पाइएको उद्धारमा खटिएको बताए।

# रिले अनशन १५ औं दिनमा



सञ्जय मिश्रा
रौतहट, २० चैत।

वृन्दावन नगरपालिकामा सूचना माग गर्दै मेयरका प्रत्यासी तथा नेताहरुको रिले अनशन १५ औं दिन पुगेको छ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रका मेयर प्रत्यासी तथा वडा अध्यक्षहरु सोमबार १५ औं दिन पनि अनशन बसिरहेका छन् । नगरपालिकामा माग गरेअनुसारको सूचना नपाएपछि कांग्रेसबाट मेयर प्रत्यासी रामस्नेही यादव, एमालेबा मेयरका प्रत्यासी प्रेम शंकर यादव, माओवादीबाट मेयर प्रत्यासी राम प्रसाद पटेल, केही वडाअध्यक्षले चैत ६ गतेदेखि रिले अनशन सुरु गरेका हुन्।

उनीहरूले वृन्दावन नगर प्रमुख विनोद पटेल कुर्मीले थोरै समयमा धेरै भ्रष्टाचार गरेको दाबीसहित आन्दोलन गरेका हुन्। वृन्दावनमा विभिन्न कर्मचारीका नाममा करिब आठ करोड रुपैयाँ पेश्की लिई भ्रष्टाचार गरेको आरोप लगाउदै नगरप्रमुखका प्रत्यासी तथा जनता समाजवादी पार्टीका शेख हकिम, नगर प्रमुख प्रत्यासी राष्ट्रिय प्रजातन्त्र पार्टीका पवन यादव रिले अनशन बसेका हुन्। वडा नम्बर २ का अध्यक्ष सिकिन्द्र पटेल, वडा नम्बर ३ का अध्यक्ष हरिनारायण साह, वडा नम्बर ४ का अध्यक्ष श्यामनन्दन प्रसाद यादव र वडा नम्बर ५ का अध्यक्ष फेकन दास सहित निर्वाचित वडासदस्यहरु रिले अनशनमा छन् । अनशनकारीले चैत ४ गते संयुक्तरुपमा निवेदन दिई १७ बुँदे सूचना माग गरेका थिए । सूचना नपाएसम्म आन्दोलन जारी राखिने पूर्व नगरप्रमुख रामस्नेही यादवले बताए। सूचना दिन ढिलासुस्ती गरे आमरण अनशन बस्ने चेतावनी उनीहरुको छ । मेयर विनोद पटेल पक्षले नगरपालिकाबाट सेवासुविधा नपाएकाले कैयौं नेता कार्यकर्ता रिले अनशनको नाममा नगरवासीको काममा अवरोध गरिरहेको टिप्पणी गरेका छन् । नगरपालिकाले सोमबार प्रेस विज्ञप्ति निकालेर रिले अनशन अन्त गरी वार्तामा आउन तथा वार्ताका माध्यमबाट मात्र सूचना उपलब्ध गराउन सकिने जनाएको छ।

# जनमतका केन्द्रीय सदस्य 'मिटर ब्याजी' आरोपमा पक्राउ



विनय कर्ण
सप्तरी, २० चैत्र।

इलाका प्रहरी कार्यालय कल्याणपुरले मिटरब्याजीका आरोपमा विष्णुपुर गाउँपालिका वडा नम्बर ७ का सुरेन्द्रप्रसाद शर्मालाई नियन्त्रणमा लिएको छ । चर्को दरमा ब्याज असुली गरेर धरौटीबापत राखिएको जग्गा फिर्ता नगरेको आरोपमा उनलाई सोमबार राजविराज-७ स्थित घरबाटै प्रहरीले नियन्त्रणमा लिएको हो ।जनमत पार्टीका केन्द्रीय सदस्यसमेत रहेका 'सुरेन्द्र मधेशी' नामबाट परिचित थिए । उनीमाथि आपराधिक विश्वासघात र ठगी मुद्दामा जाहेरी परेपछि अदालतबाट अनुमति लिएर नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरीक्षक राजु अधिकारीले जानकारी दिए । जिल्लाको बोदेवर्साइन नगरपालिका वडा नम्बर १० बस्ने निर्मलकुमार यादवको जाहेरीले नेपाल सरकार वादी भइ शर्मामाथि आपराधिक विश्वासघात तथा ठगी मुद्दा चलाइएको उनले बताए।

जाहेरीकर्ता निर्मलका बुबा शंकर यादवले पक्राउ परेका सुरेन्द्रका बुबा सत्यनारायण शर्मासँग २०६६ सालमा घर खर्चका लागि २५ लाख रुपैयाँ ऋण लिएका थिए । ऋण लिने बेला शंकर यादवले सत्यनारायण शर्माको नाउँमा आफ्नो स्वामित्वको शम्भुनाथ नगरपालिका-७ स्थित ८ बिघा ७ कट्ठा ७ धुर जग्गा धरौटीबापत पास गरिदिएका थिए। सत्यनारायणले आफ्नो नाममा रहेको जग्गा छोरा सुरेन्द्रको नाममा सारेर राखेका थिए। तर, ऋणीले पूरै ऋण चुक्ता गर्दा पनि सुरेन्द्रले जग्गा फिर्ता दिन नमानेपछि इलाका प्रहरीमा जाहेरी आएको प्रहरी निरीक्षक अधिकारीले बताए । 'जिल्ला अदालतबाट म्याद थप भइसकेकाले थप अनुसन्धान अगाडि बढ्नेछ।' अधिकारीले भने।

तस्बिर छ।


(नेपाल सरकार सहकारी ऐन २०४८, बमोजिम स्वीकृती प्राप्त) दर्ता नं.५०१/०६७/०६८

**जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.**

**JANTA SHAYOGI SAVING & CREDIT CO-OPERATIVE LTD.**

चलानी नं. २४
पत्र संख्या. ०७९/८०

पजियार भवन, भानुचौक, जनकपुरधाम-२, धनुषा

मिति २०७९/१२/१९

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित (मिति २०७९/१२/१९)

यस जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समिको बैठक नं.०८० मिति २०७९/१२/१० को निर्णय अनुसार यस संस्थाका लागि निम्नानुसारको पद तथा तहमा जनशक्तिको आवश्यकता परेको हुँदा तपसिल अनुसारको योग्यता भएका इच्छुक व्यक्तिहरुबाट आवश्यक कागजात साथ दरखास्त आहवान गरिन्छ।

तपसिल

| विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | न्युनतम योग्यता |
|---|---|---|---|---|
| ०१/२०७९/०८० | लेखा सहायक | चौथो (४) | १ (एक) | ⇨ प्रविणता प्रमाण पत्र तह वा +२ उत्तीर्ण ⇨ कम्प्युटर ज्ञान भएको |
| ०२/२०७९/०८० | कनिष्ट सहायक | तेस्रो (३) | १ (एक) | ⇨ प्रविणता प्रमाण पत्र तह वा +२ उत्तीर्ण ⇨ कम्प्युटर ज्ञान भएको |
| ०३/२०७९/०८० | फिल्ड सहायक | दोस्रो (२) | १ (एक) | ⇨ प्रविणता प्रमाण पत्र तह वा एस.ई.ई. उत्तीर्ण ⇨ सामान्य कम्प्युटर ज्ञान भएको |
| ०४/२०७९/०८० | कार्यालय सहायक | श्रेणी विहिन | १ (एक) | ⇨ प्रविणता प्रमाण पत्र तह वा ८ उत्तीर्ण ⇨ सामान्य कम्प्युटर ज्ञान भएको |

थप जानकारी

१. **आवश्यक कागजात:** निवेदक व्यक्तिगत विवरण (CV), नागरिकता प्रमाणपत्रको प्रतिलिपी, पि.पि. साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, तालिम तथा अन्य केही भएमा सोको प्रमाणपत्रको प्रतिलिपी।
२. **दरखास्त दिने स्थान:** संस्थाको कार्यालय, पजियार भवन, भानुचौक, जनकपुरधाम-२ स्टेशन रोड, (धनुषा)
३. **दरखास्त दिने अन्तिम मिति :** २०७९/१२/३० गते बेलुका ५ बजे सम्म। आवेदन फारम पेश गर्ने अन्तिम मितिमा विदा पर्ने गएमा सो मितिको भोलिपल्ट आवेदन पेश गरि सक्नु पर्नेछ।
४. **तलब भत्ता तथा अन्य सेवा सुविधा :** यस संस्थाको नियमानुसार हुनेछ।
५. **छनौट प्रक्रिया:** प्रस्तुतिकरण र अन्तर्वाता।
६. कुनै किसिमको फौजदारी अभियोग नलागेको र नैतिक पतन समेत नदेखिने।
७. आवेदन दस्तुर रु.२००/-(अक्षरेपी दुई सय मात्र) लाग्नेछ।
८. कर्मचारी भर्ना सम्बन्धी सम्पूर्ण अधिकार यस संस्था निहित हुनेछ।
९. छनौट भएका उम्मेदवारहरुले यस संस्थाको जुनसुकै सेवा केन्द्रको कार्यालयमा रही काम गर्नुपर्नेछ।
१०. यस विज्ञापनमा नखुलेका कुराहरु यस संस्थाको निर्णय अनुसार हुनेछ।

**संयोजक**
पदपूर्ति समिति
जनता सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.
पजियार भवन, भानुचौक, जनकपुरधाम-२ (धनुषा)
०४१-५९००४८/९८५४०२८४३६/९८१२११०००९


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल